# अमरशुक्र



"यदि हुन्छ भने मेरो पुनर्जन्म कुनै दिन
मेरै नेपालमा पाऊँ पुनर्जन्मिन, हुकिन"

-ऋषिराम न्यौपाने

# अमर शुक्र

( खण्ड काव्य )

★

ऋषिराम न्यौपाने

प्रकाशक
शृङ्खला प्रकाशन
कला–साहित्य-सेवासदन
नयाँ बानेश्वर, काठमाडौं

प्रथम संस्करण:–
२०४६, शहीद दिवश

प्र. सं. प्रति ९९७

मूल्य:– मूल्य रू – १०
सर्वाधिकार:– लेखकमा

मुद्रक:– मुना प्रेस सातदोबाटो, ललितपुर ☎ ५–२३०८३

# समर्पण



शुक्रराज शास्त्री (वि. सं. १९५०–१९९७)

श्रद्धाका भल उर्लन्छन्, सर्वदा सरिता सरी
कल्पना–लोकमा डुल्छन्, भावका भुँमरी परी
झरिलो फूलको माला, गाँसेर म चढाउँ कि !
सँगाली भावना तिम्रै, कवितामा म गाउँ कि !
तिम्रै भाव सँगालेर, तिमीलाई समर्पण
रस निरस जस्तै होस्, नहोस् विफल अर्पण !

# हाम्रो धारणा

नेपाली काव्यसाहित्य फाँटका सुपरिचित स्रष्टा श्री ऋषिराम न्यौपानेको विराटनगर बसाइका अवसरको रचना गरिएको कृति 'आत्मबोध' खण्डकाव्य शृङ्खला प्रकाशनले वि. सं. २०४४ मा प्रकाशित गरेको थियो। वि. सं. २०२१ देखि सरकारी सेवाको सिलसिलामा देशका मदेश पहाड विभिन्न भाग वहाँवँ समाजका विभिन्न पक्ष र स्थितिलाई नजिकबाट गर्नु भएको अध्ययन तथा त्यसबाट प्राप्त ज्ञान र अनुभवलाई दृष्टिगत गरी सिर्जना गर्नु भएको अर्को कृति 'अमरशुक्र' खण्डकाव्य पनि शृङ्खला प्रकाशनद्वारा नै प्रकाशित गर्ने अवसर दिनु भएर कवि श्री न्यौपानेले देशको भाषा साहित्य सेवामा जो सकेको गर्दै जाने क्रममा हामीलाई पुनः गुन लगाउनु भएकोमा उहाँप्रति कृतज्ञता ज्ञापन गर्छौं।

२०४४ मा प्रकाशित 'आत्मबोध' पौराणिक कथामा आधारित थियो। त्यसका पात्र पात्री विदुला र सञ्जय थिए। सञ्जय देशभक्त बन्न सकोस्, विदुलाको भित्री आशय थियो।

प्रस्तुत 'अमरशुक्र' सन्तानब्बे सालको काण्डमा तत्कालीन राणा शासनमा झुन्ड्याएर मारिएका ('गाथ गादी दाम्ने र दुनिया भड्काउनेलाई यस्तै सजाय हुन्छ' भनी कागतमा लेखेर छातीमा टाँसिएका) शुक्रराज शास्त्रीको आत्मकथा तथा देशको तत्कालीन अवस्थासँग आधारित छ। यस कृतिका नायक अमरशुक्र छन्। उनले देशको निम्ति के गर्न खोजे, उनी कस्ता थिए; त्यस बेलाको नेपाल कस्तो थियो आदि पक्ष नै प्रस्तुत कृतिका प्रमुख विषयवस्तु हुन्।

प्रस्तुत कृतिको अध्ययन गर्दै जाँदा देशको विगतको स्थितिमात्र होइन वर्तमानको पनि राम्रो अध्ययन गर्न सकिन्छ। दृष्टान्तका निम्ति

समका पद्धतिलाई लिन सकिन्छ –

दयनीय अवस्था यो देशको हेर्न सक्तिन
पराई शक्तिका सामु घुँडा टेकेर झुक्तिन
नव अध्यायको गर्छु आरम्भ र विकास म
भरि पाखा ढलाएर मार्ग सम्थर पार्छु म
( श्लोक ३७ पृष्ठ १८ )

देशको भविष्य सुन्दर बनोस्, देशका बहुसंख्यक जनताको जीवन हँसिलो – खुशिलो बेहन पाइयोस्, समाजबाट भोक, रोग अनाचार आदि हट्दै जाउन् भन्नका निम्ति पहिलो कुरो आफ्नो देश, आफ्नो समाज कस्तो छ - त्यसको नै ठीक अध्ययन हुनु जरुरी हुन्छ । त्यसपछि समाजमा के गर्नु आवश्यक छ, कुन प्रकार देश र जनताको हित गर्न सकिन्छ भन्ने तथ्य जान्न जरुरी हुन्छ । देशका इमानदार कुनै पनि साहित्यकारले आफना कृतिहरू मार्फत यस्ता प्रमुख पक्षलाई कलात्मक तथा पथ्य ढङ्गले जनसमक्ष पुऱ्याउने यत्न गर्छन् । उनका यस्ता प्रयत्नले समाजमा चेतनाको विकास गर्न र जागरणको किरण फिजाउन सघाउ पुऱ्याउँछन् । प्रस्तुत 'अमरशुक' बाट पनि यिनै तथ्यको मर्म बुझ्न सघाउ पुग्दछ । यसै तथ्यलाई दृष्टिगत गरी पाठक वर्गले प्रस्तुत कृतिको अध्ययन गर्ने छन् र बूढा-पुरानाले सन्तोष र युवा-युवतीले आफूलाई देशभक्त नागरिक बनाउन प्रेरणा लिने छन् भन्ने हाम्रो धारणा छ । किनभने युग निकै अगि बढि-सकेको छ । समाजको चेतनस्तर निकै माथि उठिसकेको छ । हाम्रा हृदयहरू विशाल हुँदै गएका छन् । अब हाम्रा सोचाइहरू खुम्चेर बस्न सक्तैनन् । अनि त हाम्रा धुकधुकीहरू बोल्ने गर्दछन्–

बिम्झेका छौं सबै जस्तो भावनाहरूमा चुमी
निन्द्राका वश पर्दैनन् राष्ट्र प्रेमीहरू उठी
छोएको भावले तिम्रो हुँदै छ उर्वरा जिम्
बसेझैं लाग्छ आएर हाम्रा हृदयमा तिमी !
(श्लोक ५ पृष्ठ ७२)

यसप्रकार वि. सं. २०३४ देखि २०४४ सम्ममा ६ वटा खण्डकाव्य (प्रस्तुत काव्य समेत सातवटा), एक कविता संग्रह नेपाली काव्य साहित्यका पाठकलाई दिईसक्नु भएका क्रियाशील स्रष्टा श्री ऋषिराम न्यौपानेले आफ्ना प्रयासहरूलाई निकै सुकोमल बनाउँदै ल्याउनुभएकोछ । जागिरे जीवनमा जहाँ पुग्दा र जहाँ रहँदा पनि त्यहाँ - त्यहाँका देशभक्त विद्वान्, बुद्धिजीवी साहित्यकार आदिसँग सुमधुर सम्बन्ध, सम्पर्क बढाउने र मिलेर कार्य गर्ने पवित्र प्रयत्न गर्दै आउनु भएको छ । सरकारी सेवाबाट निवृत भएर हाल पनि उहाँ आफ्नो गाउँघर र राजधानी तथा वरपर विभिन्न भेगसँग घनिष्टता बढाउँदै हुनुहुन्छ । उहाँको यो प्रवृत्ति अनुकरणीयछ । यसतर्फ उहाँको प्रयास झन् गाढा र झन् पोटिलो बन्दै जान सकोस् । दिन दिन सरसहयोगका आधार वृद्धि गर्दै लान सकौं । यिनै कामनाका साथ अरू कुरा पाठक वर्गबाट सुन्ने आशा गरौं ।

— जनकप्रसाद हुमागाई

कला- साहित्य- सेवासदन
नयाँ बानेश्वर, काठमाडौं ।
२०४६ माघ ६

अमरशुक/छ

# काव्य: मैले जस्तो बुझें

"अमरशुक्र" खण्डकाव्य मैले कवि ऋषिराम न्यौपानेकै मुखबाट सुन्ने मौका पाएँ। यस काव्यमा कविका यस अघिका काव्यहरूका काव्यात्मकता भन्दा स्तर उठेको मैले पाएँ।

यो संस्मरणात्मक खण्डकाव्य हो। यसमा कविले काव्यनायक शुक्रराजकै मुखबाट अन्तिम समयमा बोल्न लगाए जस्तो गरी अथवा संझे जस्तो गरी इतिहासात्मक आत्मवृत्तको दिग्दर्शन गराएको छ। त्यसैले यसलाई आत्मवृत्तात्मक काव्य ऐतिहासिक काव्य भनौं अथवा ऐतिहासिक आत्मचरितात्मक काव्य भनौं तर शुक्रराज शास्त्रीको जीवनमा आधारित खण्डकाव्य भने अवश्य हो।

यस काव्यभित्र डुबुल्की मार्दा देशको त्यतिखेरका अवस्थाको स्पष्ट चित्र देखा पर्छ। आज पनि नसुध्रिएको समाज त्यतिखेरका समाजको प्रतिबिम्ब हो। जनसंख्या बढ्यो, अधिकारका दुई चार शब्द बोल्न पाइयो, धार्मिक, साँस्कृतिक र साहित्यिक संगठन गर्न पाइयो, तत्कालीन शासन ढल्यो तर नेपाल र नेपालीको अवस्था सुध्र्यो त? शुक्रराज र अन्य शहीदहरूले तत्कालीन राणा शासन समाप्त पार्ने मात्र उद्देश्य लिएका हुन् त? देशले गर्नुपर्ने जति विकास र उन्नति गऱ्यो त? अन्याय र अत्याचार निमिट्यान्न भए त? यी यस्ता प्रश्न हुन् जसका बारेमा काव्यका अन्त्यमा 'उपसंहार' खण्डमा कविले हामी नेपालीलाई घचघयाएका छन् शहीदका बाँकी आकाँक्षाहरू पूरा गर्न हामी नेपालीका जिम्मा लगाएका छन्।

काव्यको विषय छान्ने अधिकार कविको हो तर काव्य, काव्यको भाषा र काव्यात्मकता बारेमा बोल्ने अधिकार भने हामी पाठकको हो ।

काव्यका विषयको प्रस्तुति स्पष्ट छ । कविले काव्य नायक शुक्रकै मुखबाट आफ्नो जीवनवृत्त प्रस्तुत गरेका छन् । संस्मरणात्मक रूपमा प्रस्तुत कथानकता कतै पनि अस्पष्ट वा खजमजिएको छैन । शुक्रराजको जीवनी नपढेको तर काव्य रसानुभूति गर्नसक्ने उपभोक्ताले कथानक राम्ररी बुझ्न सक्छ, बुझ्छ ।

काव्यको भाषा सरल छ, सहज छ । दुर्बोध्य वा जटिल भाषिक अभिव्यक्ति काव्यमा दोस हो भन्ने मेरो ठम्याइ छ । अभिव्यक्ति सरल हुँदा काव्य उत्कृष्ट हुँदैन भन्ने लाटा बुझ्नाहरूका मात्र धारणा हुन-सक्लान् । सरलतामै पनि कति उत्कृष्ट काव्यात्मकता हुन्छ भन्ने उदाहरण यसै काव्यबाट हेरौं–

खुम्च्यो कमल झैं देश हरायो वीरको रस
करूणा-जल बर्साई बगाए भक्तिको रस

❀ ❀ ❀

झिकेर मुटुको टुक्रा अरूका करमा दिंदा
वीर वीराङ्गना रोए टुक्रा पत्थरका लिंदा
सग्ला चामलका साटो कनिका र पिठो लिंदा
बुझाए कसरी चित्त नाक काटेर सुम्पिदा

चामलले पिठो साट्नु, नाक काट्नु जस्ता तुक्काहरूले काव्यको भाषिक वर्चस्व बढेको छ, काव्यमा आलङ्कारिक व्यक्तित्व बढेको छ ।

इतिहासका सम्स्मरणात्मक रूपमा काव्यका प्रमुख चरित्र नायक शुक्रका मुखबाट सुगौली सन्धिपछिको देशका अवस्थाको चित्रण कवि यसरी व्यक्त गर्छन्–

रूँदै बस्नु परेको छ चिरिंदा मुटु चर्चरी
चर्को चऱ्याउँदा घाउ रून्छन् मानव घर्घरी
नफर्केको भए हुन्थ्यो रूँदै अमर शैलमा
कालो दाग लगाएर को हाँस्छ र ! निधारमा

पहिलो उठान खण्डमा भावनात्मकताभन्दा वर्णनात्मकता बढ्ता छ तर दोस्रो खण्डदेखि काव्यात्मकतामा बढ्ता उचाइमा पुगेको छ भन्ने मलाई लाग्छ ।

राष्ट्रियता हिमाल मात्र होइन, राष्ट्रियता लहरा, पहरा र छहरा मात्र पनि होइनन्, राष्ट्रियता लालीगुराँस र सिम्रिक मात्र पनि होइनन्, राष्ट्रियता सप्तकोशी, सप्तगण्डकी, सप्तकर्णाली, बागमती र विष्णुमती मात्र पनि होइनन्, राष्ट्रियता देशका हावापानी र माटो मात्र पनि होइनन्, बरु राष्ट्रियता त राष्ट्र र राष्ट्रका धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्वका जनजीवनमा भिजेका परम्परागत महत्त्वको समष्टि हो, सबैको ऐक्य हो ।

त्यस्तै देश वा राष्ट्र हिमाल मात्र होइन, पहाड मात्र होइन । आज अघिका काव्य-कवितामा लेक-बेंसी र हिमाल-छहरालाई मात्र कविहरूले ऊल्लेख गरेको पाइन्छ तर यस काव्यमा कविले हिमाल, लेक, पाहाड, बेंसी र मधेशको समष्टिलाई नेपाल मानेर नवीन तर सत्य विचार प्रस्तुत गरेका छन्–

सहेर वीर पुर्खाले वेदना तरवारको
सुम्पेको छ ममा भार लेक, बेंसी मधेशको
झरिलो, भरिलो भाव देशमा म फिजाउँछु
खोलेर मनका आँखा शुक्रलाई चिनाउँछु

यस काव्यमा राष्ट्रियताले घच्घच्याएर शुक्र आफ्नै राष्ट्रमा फर्कन्छन् । विदेशमा जतिसुकै सुख पाए पनि देशका अवस्थाले उनलाई तानि-

रहेको हुन्छ र उनी फर्कन्छन्, राष्ट्र सुधारमा जीवन उत्सर्ग गर्न उनी भन्छन्-

आमाको काख झैं राम्रो अरूको हुन्न शीतल
अरूका देशमा बस्ता देश संझिन्छ झल्झल
सम्मान जति पाउं म स्वादहीन विदेशको
थपिन्छ दिलमा याद पर बस्ता स्वदेशको
कस्तुरीले गरे जस्तै कस्तुरीको गवेषणा
छैन बाहिर गर्ने म प्रजातन्त्र गवेषणा

वास्तवमा शुक्रराज शास्त्रीको प्रमुख उद्देश्य हो–

"पखाल्दछु म धोएर अज्ञान तमको मल"

यस उद्देश्यपूर्तिमा संलग्न हुँदा शुक्रराजले प्राणाहुति दिनुपर्‍यो तर उनको बलिदान अवश्य खेर गएन।

राष्ट्रका विभूतिहरूमध्ये भृकुटी, पृथ्वीनारायण, अमरसिंह, भानुभक्त, मोतीराम, त्रिभुवन आदिका विषयमा काव्यहरू रचिए पनि देशका सुपुत्र वीर शहीदहरूलाई विषय बनाएर काव्य रचिएका थिएनन्। कवि ऋषिरामले यस विषयमा पहिलो भएर कलम चलाएकाले हार्दिक साधुवाद दिनुपर्छ कविलाई। कवि धर्म हो काव्यात्मकता। त्यो यस काव्यमा राम्ररी निर्वाह भएको छ भन्ने मलाई विश्वास छ।

कविको कलम अझ प्रखर र उत्कृष्ट बन्दै जाओस् भन्ने कामना सहित–

२०४६ माद्र ७ बुधवार
बापागाउँ, ललितपुर।

–डा० गणेश भण्डारी
२२२-भृकुटी कुञ्ज
विराटनगर–२

# मन्तव्य

शहीदहरूलाई 'राष्ट्रिय विभूति'- को रूपमा सरकारी मान्यतासम्म पनि प्रदान नगरिएको परिस्थिति अन्तर्गत शहीद शुक्रराजलाई नायक बनाइएको कृति नौलो विधा भन्न नमिले पनि नौलो प्रयोग, नौलो प्रस्तुति अवश्य हो । यो कृति एउटा खण्डकाव्य मात्रै भए पनि पुरानो राजनैतिक कार्यकर्ताको नाताले म त यसलाई एउटा बहुमूल्य उपलब्धि नै ठान्दछु ।

देश भित्र र बाहिर बिस्तारै चर्चित हुँदै आइरहेका यस कृतिका रचयिता कवि ऋषिराम ग्यौपानेका शैलीगत कौशल, काव्यात्मक लालित्य, वैचारिक दृष्टिकोण आदि विषयमा म जस्तो साहित्येतर व्यक्तिको कलमबाट भन्दा प्रस्तुत कृतिकै निम्न पङ्क्तिहरूबाट बढी प्रकाश पर्दछ:-

घाममा पीठ फर्काए छाया पर्छ अघिल्तिर
घाममा मुख फर्काए छाया सर्छ पछिल्तिर
नपाई आड झाङ्गिनन् जुहीका लहरा पनि
संघ, संस्था विना हुन्छन् प्रतिभा-बल निर्धनी
उच्च मानव आत्माका खोज्छन् कान्ति फिजाउँन
पर्दैन अरू आएर घामलाई चिनाउँन
छरिऊन् मार्गमा काँढा तेर्सिउन् जति पत्थर
प्रवाह जलमा हुन्छ स्वाभाविक निरन्तर

मलाई कस्तो लाग्छ भने प्रस्तुत कृतिका पढिनु, बुझिनु बाहेक क्रियात्मक पक्ष पनि छन् ।

रचयितामा शहीद अनुरूप भावना र प्रेरणा अरू स्फुरित हुँदै जाऊन् ।

सं. २०४६ आश्विन
बबरमहल, काठमाडौं

-भुवनलाल प्रधान

# आफ्नो भनाइ

नश्वर शरीरको माया त्यागी
धर्म युद्धमा मर्नेछौं
जननी जन्म भूमिका लागि
तन, मन, धन अर्पण गर्ने छौं

– शुक्रराज शास्त्री

जन्म भूमिलाई सिगार्ने संकल्पमा अटल रहेर राष्ट्र र समाजका लागि समर्पित वीर अमर शहीद शुक्रराज शास्त्रीप्रति भावनात्मक श्रद्धा सुमन अर्पण गर्ने यो प्रयाससम्म हो मेरो ।

ऐतिहासिक मिलान शहीद शुक्र[1] एवं शहीदके कलमसे,[2] बाट गरेकोछु ।

काव्यमा आफ्ना विचार प्रकट गरेर हौसला बढाइदिनु भएकोमा समालोचक डा० गणेश भण्डारीज्यू तथा पुराना राजनैतिक व्यक्तित्व, इतिहासकार तथा भू.पु. मन्त्री भुवनलाल प्रधानज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

काव्यका प्रकाशक शृङ्खला प्रकाशनका साथै साहित्यिक शृङ्खलाका सम्पादक जनकप्रसाद हुमागाईं र कार्यकारी सम्पादक मुकेश चालिसेमा

---

[1] शहीद शुक्र- ले० भुवनलाल प्रधान [2] शहीद के कलमसे ले० शुक्रराज शास्त्री

कृतज्ञता प्रकट गरी सहयोगको लागि मुना प्रेसका व्यवस्थापक मुकुन्द बालिसेमा धन्यवाद प्रकट गर्छु ।

"पूज्य तपस्वी भगवान् बुद्धको
अहिंसा भाव सिखाउँला
संसार देखि अन्याय अधर्मको
सत्यानाश गराउँला

— शुक्रराज शास्त्री

को अमर वचनको स्मरण गर्दै आफ्नो मनाइ अन्त गर्छु ।

चापागाउँ –८ <br>
ललितपुर

–ऋषिराम न्यौपाने <br>
२०४६।१०।१०

# प्रस्तावना

रूखा, सुख्खा खाऊँ सुख, दुख सहूँ पूर्वजसरी
उज्यालो फैलाऊँ नव जगतमा ज्ञान-लहरी
नखोजूं संसारी सुख, शयलको मान नगरी
खपी आँधी, बेरी अविचल रहूँ पर्वतसरी
बनूं गंगा जस्तै अटलम रहूँ सागरसरी
बनूं कालो फाल्ने मयल मनको माधवसरी
बनूं आँखा जस्तै सकल जनको जीवनभरि
हुनूँ नेपालीको हरबखत सत्कर्म लहरी
नहूँ बोधो, अल्छो घरि घरि गरी हाई रहने
नहूँ मौका कुर्ने कुकुरसरि हिंसारत हुने
नहूँ स्वार्थी अन्धो नृपतिसुत दुर्योधनसरी
म हूँ आभा छर्ने गहन निशिमा भार्गवसरी
गरूँ निस्वार्थी भैं प्रकृतिसरि सेवा हरघडी
निभाऊँ चिन्ताको अनल सब शिक्षारत रही
बनूं छायाशाली हपहप हुँदा पादपसरी
नकामूं झोक्कामा भल पवनको नर्कटसरी

❀

अमरशुक्र/ण

# १

१

आशको हरियो बत्ती भयो आज निभेसरी
गहिरो दिउसै रात भयो आज परेसरी
डरलाग्दो महाकालो कालो बादल फैलियो
हस्तिलाई लतारेर सिंहले वशमा लियो

२

मार्ग सम्थर पुर्दैछ बर्षाको धमिलो, हिलो
असमर्थ भए फोर्न विज्ञ अज्ञानको पिलो
गल्दछन् कष्टमा अङ्ग, गलेका कर्कलासरी
रिङाई शिर चिन्ताले घुम्छ घट्ट घुमेसरी

३

दर्दको गहिरो घाउ मुटुमा गर्छ चर्चर
पाइला मनिको धर्ती गरे झैं लाग्छ थर्थर
छातीमा छ तछारे झैं लछारेर कडासित
चुसी रगतका धारा भुक्छन् कुकुर हाँसित

४

रोकिए रक्तका नाली अवरूद्ध भए गला
ज्ञान–मस्तिष्कका जाली चुँडिए चुँडिए कला
मुटुमा दर्दको आगो बले झैं पोल्छ भत्भती
मान्छेको मन पोल्दैन किन देखेर दुर्गति ?

५

गहिरो पीरले पोल्दा फोरूँ झैं लाग्छ पुर्पुरो
शूल झैं मुटुमा पोल्ने सुनाउँ कसरी कुरो
शास्त्रसागरमा गोता लगाई गुरूले सरी
नपाइने भयो छर्नं सभ्य-संस्कारको झरी

६

असन्तुष्ट भए बन्धु दिंदा सात्विक भोजन
बिराला, चितुवा, ब्वासा खोज्दछन् माँस भोजन
लगाए पोल पापीले पापका कल्पना गरी
रच्छन् जाल महाजाली छली कुटिलता भरी

७

फुकीले उजुरी लेखी, लेखाई रिसले दिए
*प्रयागराजले उल्टा धारणा मनमा लिए
"भत्कला, भासिंदै जाला पेशाको अब मन्दिर
बढे** माधवको राप ज्वाला जस्तो अघितिर

८

ननिभाए भलो हुन्न ज्वाला आर्य समाजको
मार्ग विस्तृत बन्दैछ' भन्छन् 'माधवराजको'
नरोके उसका बाटा आँखा खुल्छन् समस्तकै
हारेमा शिर घोप्टिन्छ पुरोहित समाजकै

---

*तत्कालीन बडागुरू **शुक्रराजका पिता माधवराज जोशी

९

असाध्यै बलियो बाठो बुद्धिमन्त छ उत्तिकै
आँच राम्रो नलागेमा दाल गल्दैन त्यत्तिकै
पाखण्डीलाई सम्झाई मिलाएर स्वपक्षमा
पुऱ्याए ❀चन्द्रका साम्ने पितालाई दिनान्तमा

१०

लगाई शस्त्रको दाउ लडाए शास्त्रले तर
असमर्थ भए तर्न जब शास्त्रार्थ सागर
हुले मेरा पितालाई केशरीसरि खोरमा
पर्छन् सन्तहरू जेल धूर्तका जाल झेलमा

११

बोल्न साँचो कुरा राम्रो काम गर्न नपाइने
कुरीति, कुप्रथा फाल्न खोजे जेल पठाइने
बिपरीत बहेको छ हावा मेघ छ फैलिँदै
घाम पारि पुगे झैं छ रातले हात सुकिँदै

१२

स्वतन्त्र कहिले हुन्छन् प्रकाशतिर लंकिने
वर पीपल ढालिन्छन् छाया शीतलता दिने
लछार्छन् केश तानेर निमुखाका दुःशासन
धरामाथि चलेको छ कंसको झैं कुशासन

१३

कल्पी लगाउँछन् चुवली चतुरा चितुवासरी
इबी मानवमा राखी गर्जन्छन् बाघ, केशरी
खोज्दछन् वशमा पार्न नेल ठोकेर रावण
कहिले झुल्किने घामः फैलिने शुभ लक्षण

---

❀चन्द्रशमशेर

१४

बाबुको दुर्दशा देख्ता फुटेनन् किन लोचन ?
फुटेनन् कानका जाली शब्द बाण बिझी किन ?
घरमा कसरी जाउँ सुनाउँ कसरी कुरा
भागेर नबसुँ अर्को माताका मुटुमा छुरा

१५

मनमा तर्कना चल्छ चल्दा विरह रन्थनी
चक्र झैं घुम्छ संसार अथवा मन फन्फनी
मुटु पग्लेर झर्दै छः आँशुका छहरासरी
वीरको शिर लत्रिन्न परोस् आतसको झरी

१६

बगाई रक्तका धारा मुटुका छहरासरी–
महापुरुष फैलन्छन् फलाई कर्म-बल्लरी
होमिएको छु निस्वार्थ परार्थतिर आज म
स्मृतिका छालमा किन्तु हराएर बहन्छु म

१७

सम्झिएँ दुखिनी माता रूनुहोला कठैबरी !
ननिको घटना लाग्छ तीखो काँढो बिझेसरी
घर-सागर हल्लिन्छ आज डुङ्गा डुबेसरी
रूनेको छु स्वयम् उस्तै परा आतसको झरी

१८

सकिन्छन् सुखका छाया दिलभित्र छिपाउँन
पर्दैनन् गहिरा दर्द अरूलाई चिनाउँन
चुहिन्छ जसरी पानी भरिंदा जलको घडा
चुहिन्छ त्यसरी आफैं भरिए बहको घडा

श्रमका पसिना बग्छन् अङ्गमा छहरासरी
मनका धारणा खुल्छन् मुखमा चाउरी परी
लुकाउँन भयो गाह्रो प्राणान्त विष झैं कुरा
निकाले पनि बिझ्ने छ माताका मुटुमा छुरा

२०

नपुग्दै घरमा मेरो अन्योल मन खोलियो
बेदनाको पिलो साह्रो उठेको मुटुमा थियो
❀शम्भुलाई भन्यो "ढुङ्गा" निहुँ पारेर साँझमा
हुले आमा पितालाई खोरका अन्धकारमा

२१

शास्त्रमा हार खाएको ❀बडा गुरू मनाउँदो
तम्सियो पयाउरो जस्तै काम गर्न घिनाउँदो
आफै लट्ठी उठाएर बजाएछ ललाटमा
देखें रगतका धारा बगेका शुभ्र अङ्गमा

२२

तिम्री नाउँ अरू मेरो गाऊँ' भन्छन् प्रशासक
गर्छन् दुष्कर्म हारेका बिना लाज विना धक
स्वार्थका बाण बर्साई हाँस्छन् अधम रातमा
सन्ध्याको धमिलो छाया नाचेको छ हिमालमा

२३

लछारेर पछारेर घुमाए पहिले पुर–
टालिए न्यायका आँखा लिए असुरले सुर
हुलेको जेलमा देखें स्वार्थिभाले ठुङी ठुङी
घर आँगनमा घुम्छन् श्याल गन्ध सुङी सुङी

---

❀पशुपतिनाथलाई ❀प्रयागराज पाण्डे

अमरशुक/५

२४

वृत्तान्त म थिएँ भन्दै भयो मुटु फुटेसरी
आमा पर्नु भयो मूर्छा छाङाबाट खसेसरी
पखाले झैं भए शोभा पर्दा आतसका झरी
भए अङ्गहरू फुङ्ग भयो प्राण गएसरी

२५

अपराध विना पर्दा आधार- रवि खोरमा
दुखका भुमरीभित्र परियो घोर रातमा
✱हेडमास्टरको बुद्धि कुबुद्धि सरि मैलियो
हरायो आशको बल्ली गहिरो त्रास फैलियो

२६

काटियो स्कूलमा नाउँ हाम्रो निरपराधमा
भयौं अधमरा जस्तै राहुले ग्रस्त चन्द्रमा
अरू उल्टा भए बन्धु लाग्यो ग्रहण बादल
बिग्रदा जलको रूप बन्दछन् मेघका दल

२७

बोल्ने मानवको शक्ति कसरी खोसिए पछि
बाघका क्रूर पञ्जामा बनभित्र परेपछि
अरू बस्न पऱ्यो गाह्रो घर-आँगन - टोलमा
भिजियो पिरले अर्को परियो दुख - सिन्धुमा

२८

भाट चारणका किल्ला कडा पत्थरका भए
बिटुला टपरी चाट्ने पदवी पाउँदै गए
स्वर्णको लालशा राखी गर्छन् अधम निर्णय
न्यायका नेत्रमा रोप्छन् पापात्मा शूल निर्मय

---

✱तत्कालीन दरबार हाईस्कूलका हेड मास्टर बटुबाबु बंगाली थिए

२९

गर्दछन् चाकरीदार नराम्रा काम छिन्छिन
निमुखा हार खाएका भोग्दछन् दुखका दिन
रोकिए ज्ञानका झर्ना पऱ्यौं छल- प्रपञ्चमा
अरू आतङ्कको आँधी उर्लियो मर्त्यलोकमा

३०

शान्ति, शील, अहिंसाको आकाश धमिलो भयो
नीलो निर्मल संसार आशा पातालमा गयो
मनमा बहका पोका कलंटी ओठमा परे
रातका ओसमा लत्रो कलिला लहरा मरे

३१

उर्लिए खहरे खोला बट्वा भलमा बगे
नपाई वृक्षका आड रसिला बल्लरी ढले
थिच्यो सन्तापले छाती लाजले लत्रियो शिर
पुगियो बाध्यतासाथ बीरगञ्ज खपी पिर

३२

गरायो घामले चर्को कलिलो आँत हर्हर
होश-जोश भए हाम्रा काया सकल जर्जर
थपियो वेदना चर्को औलो रोग र भोकको
शिकार बन्दछन् दीन गाँस, बास, कपासको

३३

नखाई बस्न मान्दैन पेट आपतमा पनि
हेर्दैनन् नेत्र खोलेर ढुङ्गाका देवता धनी
भरिन्छन् गहमा आँशु शीततुल्य प्रभातका
क्षण आपतका लाग्छन् कल्प-कल्प समानका

३४

सिएर अरुका वस्त्र माता रोएर रातमा
जिल्लाराम परी हात राख्नु हुन्थ्यो कपालमा
माता सन्तानका लागि चिन्ता लिन्छन् निरन्तर
छुचुन्द्रा र मुसा घुम्छन् भत्केका घर मन्दिर

३५

गरी लेखा पढी केही दुई चार कमाउँथें
धैर्य पूर्वक आमाका काममा म सघाउँथें
सुनाउ कुराथे तीता रूढीवादी नचाहिँदा
बल्छी माझीहरू थाप्छन् माछा मार्न नजानिदा

३६

मरिँदा मनमा ताप बग्छन् नयनका जल
घटना विर्सिउँ भन्दा आउँछन् भित्र झलमल
थुनिए पनि घट्दैन सम्झना, वीरको वल
सुसाई सरिता बग्छन् गर्दै कलकल-कलकल

३७

अन्धविश्वास पन्छाई सत्य मार्ग खुलाउँदा
बने बाघहरू जस्तै निर्णायक भनाउँदा
कुरा सुधारका गर्दा खोरमा राखिए पनि
दृष्टि फैलाउँछन् दिव्य भावना लोकका धनी

३८

सोच्तछन् खोरमा बस्ता अवस्था परिवारको
वदला लिन चाहन्छन् उम्केर व्यभिचारको
घाम झैं आउँछन् वीर मृत्यु-मन्दिर बाहिर
मुसारुन् न जुधा दाह्री पापाचारी निरन्तर

३९

हालेर सत्यको रेखी क्रिया गर्दा विना धक
भालु झैं खोज्दछन् लुछ्न दाँत गाडेर शासक
खोसियो हक सम्पूर्ण ठोकियो नेल हातमा
चंकिन्नन् चन्द्रमा तारा लाग्दा बादल रातमा

४०

बजाछन् सबमा लठ्ठी भक्त सामन्त बादका
ठेली फुकाउने पर्छन् जेल मानव वादका
गला दबाइए हाम्रा रोकिए पाइलाहरू
हामी मौन रहे लुच्छन् हाड छाला खुनीहरू

४१

पिताका मनमा आयो "अब उम्किनु पर्दछ"
राम्रा सन्तानमा शिक्षा बेलामा दिनुपर्दछ
पंखहीन परेवा झैं बस्ता छट्पटिदै रुँदै
नपुगे बुद्धि मौकामा थलिन्छ लङ्को हुंदै

४२

सम्झना-सर सम्झन्छु स्वयंमा भरिएसरी
कोशीका तटमा पानी थुनिंदा भरिएसरी
मनमा धारणा खेल्छन् शिक्षा दीक्षा दिलाउने
सन्तानहरू हुर्काई उज्यालो दिन ल्याउने

४३

मोती झैं भरिदा अश्रु भए नयन टलपल
विशाल भालमा आभा थियो झलमल झलमल
रातो रगतको धारा सम्झेको छु निधारको
विहानो छहरा जस्तै धप्प बल्ने हिमालको

४४

आकांक्षा मुक्तिका गर्छन् अश्रु, मानव कञ्चन
पिंजराका सुगा जस्तै रुवाएका सधैं मन
पञ्छी ठुँगेर चुच्चाले चुडाल्छन् काल बन्धन
देख्तैनन् बाजले कत्ति दुखेको अरुको मन

४५

पिताको उम्किने इच्छा भयो साकार आखिर
सुस्ताएँ म लुकाएर पिताका काखमा शिर
हराए शोकका धारा रसाए हर्षका झरी
उज्यालो घाम देखेर बिलाई रजनी परी

४६

बहन्छन बहका छाल अथवा हर्षका जल
परिपूर्ण हुँदा आशा पूर्णिमा हुन्छ उज्ज्वल
कलिलो वयमै छोडें जन्मस्थान बनारस
पिएर म बढें मेरै नेपाली भूमिको रस

४७

जन्मियोस् न जहाँ मान्छे हुर्कियोस् न जहाँ कहीं
मानिन्छन् ममता माया राखेमा देशमा सही
पिता माधव, माता श्री रत्नदेवी सुलोचली
नभ-नेपाल धर्तो हुन् प्रेरणा जल दायिनी

४८

पिताका छत्र छायामा स्वर्गको सुख पाइयो
काखमा शिर राखेर केहीबेर निदाइयो
सबेरै उठियो फेरि रमाएर प्रभातमा
फुलियो लहरा जस्तै पलाएर बसन्तमा

□

## २

१

बसन्ती पालुवा पुष्प लत्रिए घाम चर्किदा
हात गोडा गले हाम्रा विदेशतिर फर्किदा
छुरा झैं मुटुमा बिझ्छन् सम्झिदा दु:खका दिन
पर्छ संकटका बेला धान्न मुस्किल जीवन

२

खपियो दु:ख, सङ्कष्ट घनघोर विदेशको
राखेर ममता माया मुटुभित्र स्वदेशको
उडाए सब हावाले सुख-सौरभ अन्तमा
भगन्ते गनियौं हामी मागेर परदेशमा

३

❀मुरारी गुरुको पाएँ पिताको झैं सदाशय
खोलिए ज्ञानका आँखा हराए डर शंसय
हृदयाकाशमा मेरा शिक्षा किरण फैलिए
मन-मन्दिरमा मेरा देशका चित्र कोरिए

---

❀ अध्यक्ष पं. मुरारीलाल शर्मा गुरुकुल सिकन्दराबाद

४

पुख्यौंली फूलबारी झैं मेरो देश छ निर्मल
वीरका रक्तका धारा हुन्नन् शिथिल, शीतल
रातो राष्ट्रिय झण्डामा चन्द्र, सूर्य शुभाङ्कित
इतिहास छ नेपाली वीरताले विभूषित

५

डुलेको घामको छाया जलमा गर्छ सल्वल
गहिरा मुटुमा छाप पार्छन् किरण झलमल
हुँदा कर्तव्यको बोध देहरादूनमा ममा
हुरियो मन हावा झैं रमाएर हिमालमा

६

पुर्खाका पसिनाबाट भयो निर्माण देशको
बाली मधेशको राम्रो पानी पवन लेकको
बगाए रक्तका धारा राष्ट्रमा साहसी बनी
झुक्तछन् पाउमा आई स्वर्गका देवता पनि

७

हुन्छ कर्तव्य निस्वार्थ नवनीत, सुधासरी
सुक्तैनन् जलका धारा रसाएपछि निर्झरी
अमोघ बल हो पानी लेक, बेशी, मधेशको
परेको छैन पञ्जामा देश हाम्रो विदेशको

८

पुर्खाका भावनालाई गर्छु आदर भाव म
पृथ्वीको, भानु, मोतीको मार्ग सुन्दर पार्छु म
सुनौला लिपिमा हाम्रो नसुक्ने इतिहास छ
वीरका वीरतालाई माया श्रद्धा अगाध छ

९

उदाए देशमा मेरा महर्षि ज्ञानका धनी
अर्पिएर गए माया मन-कर्म सुधा पनि
उनकै मार्गमा लागी चम्के पुर्खा मनोहर
सुवर्तनन् हिमका राशि हिम-गङ्गा सरोवर

१०

पुर्खाका गुन बिर्सन्न म दूर रहँदा पनि
उनकै कर्मले चोखो छु म स्वाधीनको धनी
स्वतन्त्र राष्ट्रका हुन्छन् माटो, पवन पावन
बलिदान हुनेलाई म गर्छु अभिवादन

११

लखेटे पादरीलाई पुर्खाले खुकुरी भिरी
असमर्थ भए घुस्न चुरे पर्वतमा छिरी
पुर्खाले संझिए हाम्रा दृष्टि चारैतिरै छरी
"बुद्धि मानवका भुट्छन् व्यापारीगण, पादरी

१२

नखेद्दा पादरीलाई हिन्दुस्थान थचारियो
गाँजा-अफीममा भुल्दा चीन सम्राट खँगारियो
एकता सूत्रमा हामी अब बाँधिनु पर्दछ
खुकुरी र खुँडा, भाला सब माझिनु पर्दछ

१३

महाभारतको डाँडो यता आए भने छली
लुच्छन् भारतको जस्तै छाला, रगतका नली
स्वतन्त्रता गुमाएर अरुलाई उठाउँने
नीचवृत्ति कसैलाई हुन्न राम्रो सुहाउँने"

१४

सम्झना सूत्र फैलाई पुर्खालागे समेटिन
'भए कलह आफैंमा भलो हुन्न कुनैदिन
भाइ-भाइ फुटे चुस्छन् अरू सर्बाङ्गका रस
हुन्छ जीवन बेकार परेमा अरूको वश

१५

मेलका लहरा रोपौं बैरका लहरी चुंडी
काँधमा - काँध राखेर उठाऊँ हिमका चुली
अलग्गिदै गए हाम्रो हुन्छ नेपालकै क्षति
आँखा भएर के हुन्छ नरहे हेरिने द्युति"

१६

चम्की किरण फैलाए पूर्खाले चन्द्रमा सरी
छरिएका कणलाई मिलाए ममता छरी
विरोधीहरूका हात लछारी वशमा लिए
मन मिल्नेहरूलाई मुसारी काखमा लिए

१७

मिलाई ईंटका टुक्रा बनाए सरी मन्दिर
मिलाए छरिनेलाई मिलाई राष्ट्रमा स्थिर
लाखौं हण्डर खेपेर पुर्खाले देश आर्जिए
संगीत, लय नेपाली सभ्य भाषा, कला दिए

१८

उचाली राष्ट्रको झण्डा बसालेको हिमालमा
शिरबन्दी मिलेझैं छ युवतीका निधारमा
पुर्खाका पथमा लागे वीर, वीरङ्गना पनि
पछाडितिर फर्किन्नन् डराई दृष्टिका धनी

१९

हुन्छिन् विजयश्री छाया बलिया कर्म वीरको
बन्दछिन् शारदा शोभा सदा कलम वीरको
पहिलो घामको झुल्को मुस्कुराएर बढ्दछ
घाममा कहिले काँहो कुहिरो हात हाल्दछ

२०

आउँदैनन् कसैलाई सबंदा सुखका दिन
देखिन्छन् मलिना भानु पनि बर्सातका दिन
ऋतु झैं घुम्दछन् नित्य झरिला, धमिला पला
खोल्दनन् कोइली सम्मन् बर्सामा रसिला गला

२१

विदेशीहरु आएर गरे हुङ्कार गर्वले
समाती खुकुरी, खुर्पी दिए उत्तर वीरले
भुल्दैनन् वीर कर्तव्य हर्ष-विस्मातमा पनि
हिमका शृङ्खला हाँस्छन् दिनमा, रातमा पनि

२२

खंदे झैं पादरीलाई पहिले खुकुरी भिरी
फिरङ्गीलाई हत्याए उनका मुटुमा चिरी
बैरीका रोकियो राँको तुफानी दुश्मनी हुरी
दिएनन् मुटुमा बिझ्न विदेशी धर्मका छुरी

२३

पछाडि पल्टियो पाशा किल्लाका जल रोकिए
गढ किल्ला भए ध्वस्त छलका हात फैलिए
जल जीवनको शक्ति- किल्लाका रोकिए पनि
खाएनन् वीरले हार झुकेनन् पाइला मनि

२४

भयो जलबिना धर्ती अँध्यारो, [आँत] हर्हर
खसेनन् अश्रुका धारा हार खाएर बर्बर
लघारी डरका मेघ लम्किए धैर्यका धनी
देखता अनलका ज्वाला डराए बाहला पनि

२५

बलभद्र हुँदा वीर तर्शाए वीर सस्कृति
अर्पिए प्राण बालाले बर्साई दिव्य झङ्कृति
※भक्तिमा भरियो बाढी वीरताको प्रगाढ भै
अरिङ्गाल गए टाढा आगो देखि हताश भै

२६

लम्कदा वन-पाखामा खल्ला +अमरका दल
लुकेर वाण बर्साई फैलिए मेघका दल
अन्त्यमा छलिए भक्ति बलभद्र पुगे पर
बर्सिए तोपका छर्रा बढे सलह दुस्तर

२७

बलभद्र - विना - भक्ति नेपाली ✦ भीम तर्सिए
उनका लम्कने इच्छा, योद्धा कमल खुम्चिए
नालापानी गढी, किल्ला शत्रुका हातमा गयो
लथालिङ्ग भताभुङ्ग अवस्था देशको भयो

२८

सुगौली सन्धीले धेरै पचायो भाग देशको
रसिलो उर्वरा भूमी गयो वन मधेशको
खुम्च्यो कमल झैं देश हरायो वीरको रस
करुणा- ल बर्साई बगाए भक्तिको रस

---

※ फौजी सरदार भक्तिथापा +काजी र सेनापति अमरसिंह थापा
✦ प्रधान मन्त्री भीमसेन थापा

२९

भक्तिका रसमा डुब्दै बिर्सिए वीरका कथा
पुरिन्नन् मुटुका घाउ देशका वीरका व्यथा
हरियो देशको–शोभा- लुटियो युवती सरी
अस्तित्व चुँडियो हाम्रो अ-आफै झगडा गरी

३०

झिकेर मुटुको टुक्रा अरूका करमा दिंदा
वीर वीराङ्गना रोए टुक्रा पत्थरका लिंदा
सग्ला चामलका साटो कनिका र पिठो लिंदा
बुझाए कसरी चित्त नाक काटेर सुम्पिदा

३१

रुँदै बस्नु परेको छ चिरिंदा मुटु चर्चरी
चर्को चस्याउँदा घाउ रुन्छन् मानव धर्धरी
नफर्केको भए हुन्थ्यो रुँदै अमर शैलमा
कालो दाग लगाएर को हाँस्छ र ? निधारमा

३२

पाएनन् वीरले बढ्न उहिले लम्किएसरी
निर्णायकहरू माथि दर्किए डरका झरी
असमान भयो सन्धि रोयो अमरको मन
गोसाँईं कुण्डका सामु गरे प्राण विसर्जन

३३

देशका बज्रकर्मी झैं बज्रलेप लगाउने
ढले गौरवका खम्बा खुंडा, खड्ग समाउने
पदका लोभले बाँकी खरिए लहरासरी
लगाए नाकमा कालो मुश्लो कलहको छरी

३४

रातो रगतको धारा वीरको बल निखियो ?
खुकुरी कुँडियो शक्ति धारिलो धार निथियो ?
नेपाली मुटुमा लाग्यो नराम्रो आँच आउँन
पर्‍यो बाधा र अप्ठेरो हस्तक्षेप हटाउँन

३५

'अँह होइन' भन्दै थे भीम मेघ हटाउँछु
तातो रगतको होली कि खेलेर हराउँछु
बाँच्नु बेकार झैं हुन्छ हस्तक्षेप सही सही
निहुरी वीर बस्तैनन् जमाई हातमा दही

३६

मौकामा साँध लाएर तरवार उराल्छु म
धोई रगतले रातो कालो दाग पखाल्छु म
बाँधेर पटुकी भाला माझेको खुकुरी भिरी
कालो वैतरणी तर्छु शत्रुका माझमा छिरी

३७

दयनीय अवस्था यो देशको हेर्न शक्तिन
पराई शक्तिका साम घुंडा टेकेर झुक्तिन
नव अध्यायको गर्छु आरम्भ र विकास म
भीर पाखा ढलाएर मार्ग सम्थर पार्छु म

३८

कोरेर रेशमी रेखा अहर्निश रमाउँछु
घास, सोतर पन्छाई इतिहास बनाउँछु
बाँचुन्जेल म बिर्सिन्न वीरका दिव्य पद्धति
फिरन्ताहरूले हेरून् नेपाली वीर सन्तति

३९

नेपाली फूलबारीमा विभिन्न थरि फूलछन्
हिमाली बन पाखामा जलका रम्य मूलछन्
सुकाउँन दिने छैन फूल काननका जल
बढारेर धुलो बस्छ छहारीतिर शीतल

४०

देशप्रेमी थिए भीम गर्दै राम्रा कुरा थिए
बात कल्पित लाएर दुष्टले यातना दिए
नसकी सास नै फेर्न चिथोर्ने लाञ्छना सही
लिए निर्वाणको बाटो देशको सम्झना गरी

४१

पाएनन् उनले न्याय अन्याय झाँङिदै गयो
कडा कलहको छाया राष्ट्रमा फैलिदै गयो
रोपिए खुकुरी, खुर्पा रिसले राष्ट्र भक्तमा
मुछियो रक्तमा देश जङ्गियो □जङ्ग रातमा

४२

अधिकार खिचे झम्टी प्रजाका हक खोसिए
राष्ट्र भक्त प्रजालाई लडाई शासना दिए
फैलाएर गए शाखा जमाएर कुशासन
लुच्छन् कपाल वालाका दुर्योधन, दुःशासन

४३

फैलाउँछन् नयाँ झाक्री नव सामन्तका टुना
टुना लागेर बैलाए राष्ट्रका हरिया सुना
माछो झैं छट्पटाएर शान्ति पाइन्न तीरको
अवशेष छ संस्कार नेपाली धीर वीरको

---

□ जङ्गबहादुर राणा

४४

बाँचेका छौं अझैं हामी हिमाली छहरा मनि
फर्फराई रहेको छ चन्द्र–सूर्य ध्वजा पनि
अभ्यन्तर उचालेर सम्लदै कुद्नु पर्दछ
मनसा, कर्मणा, वाचा उज्यालो हुनु पर्दछ

४५

खराब गुण के के हुन् के के असल हुन् चिनी
लिन्छन् मनुष्य छानेर राम्रा गुणहरू बिनी
विकास बाहिरी हैन भित्र कै हुनु पर्दछ
पराधीन हुने बानी आफैले फाल्नु पर्दछ

४६

प्रभाव बलियो देख्ता तर्सला ❀चन्द्र केशरी
मूर्ख रोएर पल्टन्छन् टर्कीका खलिपासरी
दिदैनन् देशका छाला लुच्छन कर्तव्य सम्झिने
अठोट मनमा गर्छन् कर्मयोगी उज्यालिने

४७

देशका जल, हावा र मृत्तिका खिच्तछन् मन
लगाए देशमा माया धन्य बन्दछ जीवन
सम्झाए सरि माताले रसायो मन सुस्तिर
फर्किए घरमा भाग्छ विरहालन पतिर

४८

आत्म निर्भरता तर्फ स्वयम् डोरिनु पर्दछ
दूर्वाङ्कुर सरी आफै मौलाई बाच्नु पर्दछ
पाइन्छन् जल खोलामा देशमा बन्धुको बल
कहाँ विदेशमा मान मरू पत्थरमा जल

---

❀ चन्द्र शमशेर

# ३

१

माताको ममता माया पिताको स्नेह सम्झिएँ
विद्याभूषण शास्त्री भै घरतर्फ म फर्किएँ
स्मृतिका लहरा पात मनमा लहराउँछन्
कर्तव्य, भावना, भाषा ज्ञानद्वारा पलाउँछन्

२

सहेर वीर पुर्खाले वेदना तरवारको
सुम्पेका छन् ममा भार लेक वेसी, मधेशको
झरिलो भरिलो भाव देशमा म फिजाउँछु
खोलेर मनका आँखा शुक्रलाई चिनाउँछु

३

सत्य सङ्कल्पका मेरा हुलिया चन्द्रले लिए
लगाई जासूसी फेरि धम्की शास्त्रार्थका दिए
भयो शास्त्रार्थ गम्भीर, गम्भीर दरवारमा
शास्त्रका बाण बर्साए कडा पाखण्ड धर्ममा

४

लगाए ✦हेमका जिम्मा मलाई बशमा लिन
सकेमा मेघका माला दिदैनन् ज्योति फैलिन
उज्याला धारणालाई बशबर्ती बनाउँन
चाकरीदारमा नाम खोजे दर्ता गराउँन

५

दिएर सान्त्वना धेरै धेरै काम लगाइयो
उनकै काममा मात्र दिन रात दलाइयो
मनले चाकरी गर्न नमाने पनि झुम्मिएँ
देखाउँला नयाँ बाटो भन्ने कोशिशमा थिएँ

६

मेरा रगतका धारा चुस्ने तखरमा गए
निहुरी कानमा भर्ने मर्यादा पाउने भए
मलाई तल पारेर टुँडिखेल घुमाइयो
गर्नपर्ने सधैं सेवा तुच्छ मन्त्र सुनाईयो

७

इशारामा ननाचेमा पनि अखिर खुस्किने
नाचेमा पनि हाँसेर हुने खातिर हुन्तिने
भावना मनमा आए अब उम्किनु वेश छ
अहिलेसम्म राखेको चोखो जीवन शेष छ

८

निहुरी चाकरी गर्ने कुन सम्मान पाउँछ
खाइ नून अरूलाई जन खून चुसाउँछ
आफू खान नसक्नेको मन रून्छ खुवाउन
चोखालाई सधैं पर्छ काम गर्दा डराउन

✦ माहिला गुरु पं. हेमराज पाण्डे

खाने खुवाउने नित्य निस्फिक्रीसित हिड्दछन्
ठूलाका मुख टालेर सानाका हाड निल्दछन्
पाउँछन् उच्च सम्मान प्रशंसा, गुण गाउने
गाथा नगाउनेलाई यत्न गर्छन् सडाउँने

१०

खाँदा जागिर पुग्दैन खान जागिरले जहाँ
ऋणका भारमा सास घान्नु पर्छ रूँदै त्यहाँ
भए ❀विवाहमा मेरा खर्च बर्च नचाहिँदा
बतासिनु स्वयम् पर्छ बिनाकाम मडारिँदा

११

बसेमा चाकरी पर्दै गर्छन् माफी दिने कुरा
माफीका कसरी रोपौं म मेरै मुटुमा छुरा ?
चुहाई पसिना तिर्छु खाएका पहिले रिन
सम्पत्ति अरूका खाँदा लाग्छ तर्मतिंदी घिन

१२

बिराएर बसे बाटो सोच्तैमा महिनौं दिन
पाएनन् जल झैं मेरा शिक्षा किरण फैलिन
फैलाउँन यहाँ खोज्दा पहिला ज्योतिका गति
अँध्यारातिर लैजाने देखाए तुच्छ पद्धति

१३

ममा चुर भए चोर पुजारी र पुरोहित
पाखण्डीहरू हेर्दैनन् निम्छराहरूको हित
मुर्मुरिन्छन् सधैं ढोंगी दाँत टोकेर कट्कटी
दुरवस्था हुँदा देख्ता गर्छ मानव छट्पटी

---

❀ शुक्रराजको प्रथम विवाह वि. स. १९७६ मा पद्मिनीदेवीसंग भएको थियो ।

१४

कुनै छन् मस्त निन्द्रामा, कुनै बाटो बिराउँने
मन कोन्किन्छ देखेर काम गर्न घिसाउँने
जसका हातमा हुन्छन् तरवार निरन्तर
तिनकै पक्षमा लाग्छन् चाकरीदार दुच्छर

१५

हेमराज रिसाएर दौडिए दरबारमा
पापात्मा साँध लाएर उर्लन्छन तरवारमा
हुन्छन् शिथिल झैं अङ्ग, दुःखका दिन सम्झिदा
सुस्छन् उल्लासका पात ऋतुराज-बिदा लिदा

१६

हरायो दिव्य सङ्केत उज्यालो घाम आउने
गरे प्रयास मैलाई भित्र भित्र दबाउने
बहाना अरू नै पारी डाकिएँ दरबारमा
पुगेनन् आँट व्याधाका मलाई पार्न जालमा

१७

बसेर नहुने देखें दुष्टका साथमा भलो
रूँदै टेस्न पुगें फेरि इलाहाबादको थलो
चाहेको नहुने केही काम गोल-मटोलमा
शरणार्थीसरी रोई वास पाएँ सिवानमा

१८

मुटुमा देशको माया, बसाई परदेशमा
तर्कना मनमा चल्छन् गहिरा अन्धकारमा
दृश्य मार्मिक देखेर कुनै मर्मज्ञ पग्लिए
सहयोग र सद्भाव मानवी मनले दिए

१९

+बैद्यका साथ पाएर भोकका रोग पन्छिए
अज्ञान - तम पन्छाई अरू ज्ञान - शिखा दिए
उज्यालिदै गए मेरा गहिरा दिलका कुना
मौकामा जल पाएमा हरिया बन्दछन् मुना

२०

꙳पढेकै पाठशालामा गराए हेडमास्टर
उन्नति गर्दछन् प्राणी लिई साहस जाँगर
खालि जागिर खाएर बस्न मानेन यो मन
बालो तराईका सम्झेँ लेकाली जल पावन

२१

छोरी माइत आए झैं आएँ राखेर चाह म
नजान्ने स्वार्थका लागि अरूमा गर्न झेल म
मलाई पहिले जस्तै फकाए गर्न चाकरी
एकै किसिमका हुन्छन् पापी पण्डा र पादरी

२२

सेवा गर्न नसक्ने म उनलाई रिझाउने
कसरी काम देखाई चिनिने र चिनाउने
बाझियो पहिले जस्तै धारणा उनमा ममा
अस्ताए मनका मेरा स्वतन्त्रमय चन्द्रमा

२३

रिसाए पहिले जस्तै हेम चुक्ली लगाउने
स्वार्थी उद्योगमा लागे ꙳गुठीलाई ढलाउने
भएँ मन नपर्ने म कसिङ्गर समानको
बिरोधी गनिएँ राम्रै हठी पाखण्डवादको

---

+ सीवान जि. सारन निवासी हे. मा. बैद्यनाथ प्रसाद

꙳ डि. ए. वी. हाईस्कूल इलाहबादमा

꙳ रुढीवाद विरूद्ध अभियान चलाउन "सत्याचरण मलामी गुठी" खोलेका थिए ।

२४

मन पर्ने नपर्नेको छुट्टै फाईल बन्दछ
मन पर्ने सधैं बन्न कोशेली पुग्नु पर्दछ
नपर्ने पहिले जस्तै फेरमा चंख, चन्द्रको
ढोका कुर्न पुगें फेरी देश छोडी विदेशको

२५

पुऱ्याई होश उम्कें म छायाँबाट अभद्रको
बस्तैनन् कहिल्यै मान्छे छायाँमाबिष-वृक्षको
पुगें दूर गुनेजस्तो काम गर्न नपाउँदा
रोकिन्छन् पाइला रास्रा संस्था खोल्न नपाउँदा

२६

भए मार्गहरू बन्द भावनाका फराकिला
गुठीका द्वारमा ठोके कडा दानवले किला
अवस्था कसरी गाऊँ खुलाउँ मातृ-भूमिको
काखमा म बसें रोई धेरै काल विमातृको

२७

मन चञ्चल फर्कन्थ्यो शैलका छहरातिर
×भाष्यलाई फुकाएर बसे पनि त्यतातिर
सहेर पीर सन्ताप घुमें चारतिरै गर्मी
रुख सागर थकिन्नन् असिना वर्सिए पनि

२८

खहरे उर्लियून् जत्ति हुन्छन् अटल पर्वत
उच्च आदर्शमा हुन्छन् स्थिर बीर स्वभावत
हुन्नन मानवतावादी बसमा अन्धकारको
सहभागी हुँदै हुन्नन् मर्मज्ञ अपराधको

---

× ब्राह्मसूत्र शांकर भाष्य

२९

देशको लाभ सोंचेर काम गर्थे विदेशमा
नसुघ्ने स्वार्थका गन्ध मन घुम्छ परार्थमा
पन्छाउन सधैं खोज्थें मत्स्य न्याय कठोरको
पाँचका निम्तिमा हुन्छन् बध लाखौं मनुष्यको

३०

स्वार्थ तत्पर बन्दैछन पैरने बस्त्र सुग्घर
दूनो सोझ्याउँछन आफ्नै फैलाई हात तस्कर
हराए रविका रश्मि फैलिए ब्याध झैं हठी
पग्लिए हिमका राशि मेघका दलमा दबी

३१

अशान्ति छ सर्वतर्फ फैलेको खहरे सरी
कुहिरेहरूकै कालो छाया छ दगुरेसरी
कहिले हरियो बन्ने रसिलो शान्ति बल्लरी
बाघ भालुहरू डुल्छन् रक्त मानवका छरी

३२

कला ज्ञान र विज्ञान विज्ञानीसित नै रहे
परे झैं जालमा माछा कलाबन्त थला परे
सम्झन्छु कसरी हुन्छ समुत्थान स्वदेशको
बस्तछन् मुख ताकेर प्रशासन विदेशको

३३

बन्धुका लुछ्तछन् छाला श्याल, भालु, समानका
दाँत देखाउँछन् डिच्च कुम्भकर्ण समानका
मूलो मानवका धर्म ज्ञान विज्ञानका कुरा
प्रशासकहरू रोप्छन् शान्तिका आडमा छुरा

३४

कलिला कस्तुरीलाई जसरी सिंह लुछ्तछन्
त्यसरी नव सामन्त प्रजाका हाड थुत्दछन्
आकाङ्क्षा राख्तछन् जस्तो त्यस्तै बाद चलाउँछन्
निमुखा अदनालाई गोरू तुल्य दबाउँछन्

३५

जलखान नपाएका पाखा पर्वत छन् रूखा
अन्न बस्त्र विना बास जनता छन् रूखा सुखा
प्रशासक भएका छन् उन्मत्त मदिरा पिई
प्रमत्त सिंह गर्जिन्छन् धारा रूधिरका चुसी

३६

निमोठ्छन् पाखुरा पापी नाल बन्दूकका लिई
बस्छन् मानव वर्ग गर्न नपाई काम दिक्किई
सन्तापानलले पोल्छ आगो भित्र बलेसरी
सम्झेर मात्र पाइन्न नधाई हिम निर्झरी

३७

नभए मनमा शान्ति गाँस पाएर हुन्छ के ?
पराई घरमा बस्ने बास पाएर हुन्छ के ?
गर्नु पर्छ दिगो काम रहँदा - सम्म जीवन
मनीषी प्रतिभाशाली लाग्दछन् लेखनी लिन

३८

लेख्न पाइन्न खोलेर देखेको ब्रहाले कुरो
दयनीय अवस्थाको देखिने कसरी चुरो
पाउँदैनन् यहाँ मान साधनारत लेखक
गाउने सर्वथा गाथा लुट्छन् जस अलेखक

३९

लेख्तछन् प्रतिभाशाली तर साहित्य निर्मल
नपाए पनि सम्मान हुदैनन् कवि विव्हल
चासो राखेर म घुमें नेपालीहरूका घर
उठाउने धरालाई थियो रहर सुन्दर

४०

सुनें निधन पत्नीको थिरिएँ मनमा गुनी
फर्केर आउने हैनन् फेर्ने मानवका जुनी
पुछेर आशुका धारा लगाएँ कर्ममा मन
मनुष्यहरू अर्पिन्छन् अरुका लागि जीवन

४१

सन्त खायस राखेर लाग्छन् आह-व्यथा धुन
पिर सन्ताप मानेर हुँदैन सर्वथा रून
काम बन्दैन रोएर हात राखेर माथमा
सल्काई ज्ञानका माला हिड्नु पर्दछ रातमा

४२

शिक्षा ज्योति छरें केही नेपाली घर - टोलमा
फर्किएँ आँट राखेर पैले झैं मातृ - भूमिमा
लागें प्रयाशमा चोखो, दुष्टलाई धपाउने
जोतिन्छन् काममा नित्य शैललाई ढलाउने

४३

झमेला झेल खेपेर सिकेका ज्ञानका कला
सुनाउँन सबैलाई खोल्दछन् कोईली गला
सर्प–गोहीहरू मर्छन् सकिंदा उनका विष
पोल्छ भत्भत आगोले सरि राखिरहे रिस

४४

कर्मले घरमा मिल्छ सुख, आराम स्वर्गको
भावना पशुमा भन्दा हुन्छ उन्नत मर्त्यको
मति भ्रष्टहरू गर्छन् कल्पना स्वर्ग-देवका
मनीषी समताबादी गर्छन् अर्चन मर्त्यका

४५

मनुष्याकारमा बस्ता माताका शुभ काखमा
प्रेरणा हौसला बढ्छन् मीठा चुंबन माथमा
आमाकै काखमा खेल्ने हूँदा पुत्र स्वरूपको
खेल्दछन् भित्र सद्भाव, चोखो अम्मृत रूपको

४६

मूर्तिन्छ मनमा स्तुत्य माताकै मूर्ति झलमल
खाई काफल ऐसेलु हुने हृदय शीतल
संझदा शैलका पानी रोम-रोम रसाउछन्
जामुना, आँप, लिच्चिका रस शक्ति बढाउछन्

४७

भुल्ने स्वदेशको माया माया गर्दैन विश्वको
नयाँ प्रभाव पर्दछ छिमेकी दुई तर्फको
आमाको काख झैं राम्रो अरूको हुन्न शीतल
अरूका देशमा बस्ता देश सम्झिन्छ झलमल

४८

सम्मान जति पाऊँ म स्वादहीन विदेशको
थपिन्छ दिलमा याद पर बस्ता स्वदेशको
कस्तुरीले गरे जस्तै कस्तुरीको गवेषणा
छैन बाहिर गर्ने म प्रजातन्त्र गवेषणा

४

—

१

उज्याला पाइला चालें अन्धकार हटाउँन
छर्दा किरण शिक्षाका डर लाग्छन् डराउँन
सुनौला काल आफैंले बिताएँ परदेशमा
काम बाँकी रहे मेरा गर्नु पर्ने स्वदेशमा

२

पसिना रक्तका धारा बगाए परराष्ट्रमा
हुन्छ जीवन बेकार हराए तुच्छ स्वार्थमा
रमाई पाईला चाल्छन् रसाएर स्वयम् जल
पसारी पाखुरा तारा छर्छन् किरण शीतल

३

सकूँ स्वदेशका लागि काम गर्न र होमिन
यामिनी, कामिनीबाट सकेको छु म जोगिन
स्वर्णका हारमा आँखा नलागून् नफसोस् मन
फैलाउन सकूँ दृष्टि दृष्टि पाउन् अकिञ्चन

४

मेरै देश छ सम्झेमा स्वर्ग तुल्य रमाइलो
बिहानी स्वादिलो घाम यहींको छ घमाइलो
दिनका रापमा भाग्छन् उल्लू डाका डराउँदै
डुल्छन् स्वतन्त्रता खोज्ने भाव-गँगा बगाउँदै

५

चुहाउने गए बेला पसिना पराराष्ट्रमा
काम गर्न गरें इच्छा स्वतन्त्रसँग राष्ट्रमा
पर्छन् खाडलमा रोई खाने मागेर मानव
धुँदैनन् मनको मैलो बँदेलसरि दानव

६

परार्थी विश्वका हुन्छन् हराई अलिपए पनि
लहरा पातमा कोर्छन् चरी धवल जीवनी
मलाई प्याउरा दान्हुन् चिथोर्छन् सिंह केशरी
सुस्तरी गति फैलाए रोकिन्नन् कर्म - मञ्जरी

७

मधेश, लेख, बेसीका घर आँगनमा डुली
अर्पन्छु मुटुको माया स्वतन्त्र - रसमा झुली
छर्छु सौरभ शिक्षाको सार खोलेर निर्मल
हिमाली घाम झैं हुन्छ ज्ञानको घाम शीतल

८

समाई आशको डोरी उज्यालो इतिहासको
चहार्छु लेख, वेसीमा सम्म फाँट मधेसको
कर्मका पाइला राम्रा रोकिन्नन् निशिमा पनि
रूँदैनन् सरिता, तारा जलका, ज्योतिका धनी

ख्होका दलका वाणी मिच्तछन् साधु सज्जन
छिचोली शैलका छाती निस्कन्छन् जल कन्चन
महिमा महिमाशाली राख्छन् गौरव देशको
राख्छन् हृदयका राम्रा भावना विश्व बन्धुको

१०

हर्ष - विस्मतमा योगी हुन्नन् उन्मत्त अस्थिर
रून्नन् कातर झैं बोर लगाएर उधोशिर
अबलामा दया गर्छन् उदार प्रेम भावले
लिदैनन् दिलमा चिन्ता बाँधे पनि अभावले

११

स्वतन्त्र कामना गर्छन् अडिने सत्य मार्गमा
देशप्रेमी खुशी हुन्नन् चल्दा देश बिरुद्धमा
शब्दका महिमा खोल्छन् अर्थवेत्ता मनोहर
शब्दबाट भयो सृष्टि शब्द हो परमेश्वर

१२

परमात्मा छ आत्मामा आत्मामा परमेश्वर
भए झैं जलको माछो मत्स्यरूप महेश्वर
साक्षी - प्रमाण - श्रुति छन् निराकार छ ईश्वर
कहिल्यै हुन्न उत्थान हाम्रो, पूजेर पत्थर

१३

उज्याला कर्मका रेखा नाच्छन् राम र कृष्णका
पिंधेर जसले पारे धूलो सामन्त - वादका
शान्तिको, मुक्तिको राम्रो सोचाई लिनुपर्दछ
गाँस, बास सबैलाई कपास हुनु पर्दछ

[illegible]

१४

चिसो शिशिरको फाली बसन्त - छर्छ माधुरी
युवा युवतिका गर्छन् सिर्जना दिव्य पाखुरी
गर्ने नसकिने छैन अँध्याराबाट जोगिन
नेपाली डर मान्दैनन् आगामा पनि होमिन

१५

नव शक्ति नयाँ कान्ति नौलो युग फिराउन
झम्मारहरू पन्छाई पर्छ ज्ञान फिजाउन
एउटा हातले ताली बज्दैन कहिल्यै पनि
नपाए रूखको आड झाङिन्नन् लहरा पनि

१६

भास्यका सिन्धुमा धुन्छु व्यथा, बिरहका छिटा
अनावश्यक सम्झन्छन् परार्थी नोटका बिटा
जलका मूल झैं बग्छन् ज्ञानका स्वच्छ पाइला
नेपाली भूमिमा लाग्छन् घाम छाया रमाइला

१७

खाली लोली मिलाएर कसैको हुन्न उन्नति
विपरीत दिशातर्फ लम्किन्छन् मूर्खका गति
नेपाली हुन पाईन्न विना नेपाल देश यो
कुवाको भ्यागुतो हैन चैतन्य नर देह यो

१८

मान्दैन सबकै आत्मा लालचामा बिकाउन,
बन्धुलाई निमोठेर आमालाई रूवाउन
नपाए पनि पानीको थोपा बिकट मार्गमा
डाँडाका टाकुरा चढ्छन् बटुवा पुग्न लक्षमा

मूक/लमतपुक

१९

उद्योगीहरू लंकिन्छन् सदा उद्योग मार्गमा
मनीषीहरू भुल्दैनन् कर्म - कल्पित स्वर्गमा
नआँगाले नयाँ बाटो भेटिदैंन समुन्नति
बसेमा हात बाँधेर हातमा पर्छ दुर्गति

२०

सत्पुत्र गर्दछन् भक्ति माताको मातृभूमिको
कल्पवृक्ष यहीं रोप्छन्, चाहिन्न स्वर्गभूमिको
हेर्ने दर्पण राख्दैनन् कालो दाग ललाटमा
कर्मले ख्याति पाइन्छ बस्न पाइन्छ घाममा

२१

राष्ट्रका स्वार्थमा लाग्छन् राष्ट्रभक्त निरन्तर
हेर्छन् कंचन जंघाझैं लगाएर उँभो शिर
बिथोल्न बलिया दिन्नन् हिमाली आर्य सम्स्कृति
मनीषी छर्दछन् नित्य धाम झैं दिव्य झङ्कृति

२२

छातीमा छ छचल्केको सभ्य सम्स्कारको घडा
बाहुमा छ छचल्केको राम्रो पौरखको छटा
हुँदैंन दिलमा शान्ति नित्य क्षेपकमा भुलो
हुँदैन दिलमा शान्ति विषका वोटमा झुलो

२३

नयाँ आयामको गर्छु कल्पना, कर्मचिन्तन
गरीबहरूको गर्छु सेवा अर्चन चुम्बन
जलमा बिजुली तुल्य मनमा छ मनोबल
पखाल्दछु म धोएर अज्ञान-तमको मल

२४

लम्कदा लम्कदै पायो रूसले ज्योति मार्गमा
चनाँखा पार्दछन् आँखा कस्तूरी मिर्ग रातमा
नभए चतुरो, बाठो छाला ताछिन्छ अङ्गको
गिद्धको धारिलो चुच्चो तीखो हुन्छ अजङ्गको

२५

गर्नु पर्दछ सोचेर कर्मको अवलम्बन
भावी सन्तान सम्रन्छन् नगरे मार्ग लंघन
सत्यका आडमा हिड्नेहरू हुन्नन् पराजय
रातमाथि सधैँ हुन्छ उषा आदित्यको जय

२६

मनुष्यहरूमा हुन्छन् होश, साहसका कला
मनुष्यत्व जगाएर मनुष्य खोल्दछन् गला
रूदैनन् वीर पल्टेर सकिए पनि साधन
भीमका मनमा आगो थियो उत्साह पावन

२७

भावना नबुझी भित्री शेखी कौरवले गरे
नीमका बिरुवा रोपी लडाईं झगडा गरे
नीमका बिरुवा रोपी पाइन्न मधुरो फल
स्वादिला रसिला हुन्छन् आँप, जामुन, काफल

२८

रोपेर निबुवा, अम्बा फल्दैनन् हो यथार्थता
दिदैनन् नवसामन्त अधिकार, समानता
पिई उत्साहका पानी फैलाई दृष्टि सुस्तरी
रोप्नु पर्दछ खोजेर स्वातन्त्र्यमय बल्लरी

२९

वीरको चिरियो छाती चर्चरी कोत - पर्वमा
स्वार्थ, लोभ र ईर्ष्याको लाग्यो ग्रहण देशमा
अर्थतन्त्र भयो नष्ट राजनीति भयो धुलो
गैह्रो कलहको गैह्रो पारियो राष्ट्रमा ठुलो

३०

नेपाली धन सम्पत्ति पुगे देश विदेशमा
थपिँदो छ दिनौं चर्को विदेशी ऋण देशमा
खोलियो देशको पोल विदेशीहरू कुलिए
फणा फैलाउँदै काला सर्प, गोमन उर्लिए

३१

गराए उर्वरा भूमि बलियाले स्वनाममा
पुगेका छन् महाजाली, फटाहा उच्च ठाममा
वन जोगाउने बानी पुर्खौली सब बिर्सिए
पसिना, रक्तका धारा नव सामन्तले पिए

३२

सकियो वन नेपाली नेपालीहरूको धन
लोभीको मन खुम्चे झैं खुम्चियो हरियो वन
नसारी पाइला हुन्न थिरिएर गुठीतिर
श्वासा घुसार्दछन् नङ्ग्रा कन्याएर पछिल्तिर

३३

खुलाई सत्यतालाई फैलन्छु म विनाधक
सभा, समितिको नाऊँ दिँदैनन् लिन शासक
व्यर्थमा भोजमा जाने रूढी सम्स्कारका व्यय
भौरीले मह झैं सोची गर्नु पर्दछ सञ्चय

३४

भेल झैं व्यर्थमा बग्छन् भोज भन्तेरका व्यय
नराम्रो लतले हुन्छ घरको, धनको क्षय
धर्मका नाऊँमा पुग्छन् लाखौं लाख विदेशमा
बाटा फराकिला छैनन बनेका आज देशमा

३५

परस्पर जुधाएर प्रजालाई पछार्दछन्
राष्ट्रका निम्तिमा बोले पाखुरामा लछार्दछन्
कालो रात छ फैलेको मैलेको स्वच्छ निर्झरी
पहेंलिदै गएका छन् अङ्ग पित्त बढसरी

३६

❀ने. भा. प्र. स. पर्से केही लेखन मिल्ला भनेर म
नपाई लेखन चाहेको जान थालें गलेर म
भावना मनका मेरा मन भित्रै मडारिए
रसिला रसिला आशा चिन्तनाले खङारिए

३७

छपाउँन गएँ ❀भाष्य बिदा मागेर भारत
गान्धी +बोसहरूलाई भेटें इच्छानुसारत
त्यही कारणले गर्दा पदबाट निकालिएँ
खाएको महिनावारी फिर्ता शासकले लिए

३८

समाचार उतै पाएँ हुँदै भारत तर्फ म
मसक्क मन बाँधेर फर्के छोडेर त्रास म
टारूँला छाक खाएर आधा पेट भए पनि
बाच्दछन् राष्ट्रका लागि निर्दोषी निमुखा पनि

---

❀ नेपाली भाषा प्रकाशिनी समिति
❀ब्रम्हसूत्र शंकर भाष्यको उन्तरार्ध प्रकाशन गर्न +सुभासचन्द्र बोस

३९

सम्झदै मनमा आएँ, खाएँ जागीर भोकले
सुके रगतका धारा छाला भोक र रोगले
झरिला भावना मेरा बलिया छन् अझै पनि
नहोस् धन, छु आत्माको दरिलो बलको धनी

४०

धुम्मेको कुहिरो कालो : कृष्ण गौराङ्ग बादल
हुन्छन् विफल सम्पूर्ण भए झैं कंस निस्फल
जङ्गलाई झिकी दाम्हा गाड्यो आएर बाघले
खान्छ आई कुनै बेला गरेका अपराधले

४१

दुष्ट शासक हुन् कोही हुँदैन चिर जीवन
बाँचुन्जेल कहीं शान्ति पाउन्नन् निर्दयी लिन
चलाउन् दुष्टले जस्तो खिचो नाडी कुशासन
जनताहरूका हुन्छन् नरात्रा, कोप भाजन

४२

वेदका मन्त्रले आगो पुर्खाहरू बनाउथे
डुलो पर्वत पाखामा ज्ञान-दीप जलाउथ
सभ्यता अहिले उल्टो थपियो पात-पातमा
थनिए वेदका मन्त्र अहिले जात - भातमा

४३

थपिए शास्त्रमा नाना स्वार्थ - साधन-क्षपक
भाट चारण मूर्धन्य गनिए श्रेष्ठ लेखक
साधनारत श्रष्टाको कहिले ठडिने शिर
गौरी - शङ्करको जस्तै दृष्टि छर्ने सबैतिर

४४

नियुक्ति खोसियो मेरो खाएको छैन जागिर
सल्काई मुक्तिको ज्वाला फैलन्छु अब बाहिर
सलल्ल बहँदै जान्छु महाकाली नदीसरी
भाग्दछन् मनका ताप खुल्दा किरण वल्लरी

४५

बीऊ उत्रेर हरिया हुन्छन् आफै पलाउँदै
बीऊ रोपेर लम्कन्छु भावनाका रमाउँदै
समर्थ राष्ट्रका लागि लाग्दछन् प्राण अर्पित
निस्वार्थीहरू कै हुन्छ सारगर्भित जीवन

४६

हुँदैन निहुरी टेक्न रातका सामुमा घुँडा
लिंगमा धीरता भाग्छन् मनका वेदना वडा
धरामा अलका तुल्य मेरै देश छ सुन्दर
ढल्छन् सत्कर्मले अग्ला वार, पर्खाल दुस्तर

४७

कुदँनन् अरुको बाटो नलिने मनमा भय
सके सम्झन बेलामा भाग्छन् शङ्का र संशय
ममा नहोस् कुनै गाँठो पन्छियून् गाउँले पर
कला - सीप भए राम्रा काम बन्छन् भए भर

४८

विवेकी दीनका गर्छन् पालना वन्दना पनि
नलिने लोभका पोका हुन्छन हृदयका धनी
उषाका लालीमा पर्दा नीलो हुन्छ नभस्तल
स्वर्गमा हैन धर्तीमा घाम झुलिकन्छ झलमल

卐

५

१

लगाए मुखमा बिर्को मेरो दोष बिना पनि
बसेको छु म गुम्सेर निदाल घरका गनी
निर्विवेकीहरू केही हेर्दैनन् देश – खातिर
दिदैंनन् डुल्न चाहेर पनि निस्केर बाहिर

२

भासिए स्वार्थका लागि बन जङ्गलका रूख
कहाँ गएर सम्पूर्ण बिसाऊँ गहिरो दुःख
थुनिदा बन्द कोठामा बसेँ झैं लाग्दछन् दुःख
पाइन्छ कहिले हेर्न उज्यालो घामको मुख

३

वार्तालाप गरें मैले गान्धी, बोसहरूसित
❀कोइराला थिए मेरा गएका सम्झिदा हित
देशमा फर्कंदा मेरो हुने यस्तो परिस्थिति
चाल पाएर आएँ म लिई उस्तै मनस्थिति

❀ विश्वेश्वर प्रसाद कोइराला

४

छुल्याहा सर्प, गोहीले डस्ने सुरहरू गरे
भावना मनका मेरा कुनामा मनका रहे
रुन्छन् सहृदयी रात्रौ सहानुभवले छुँदा
मुख खोलेर बोल्दैन् कुनै रात कडा हुँदा

५

इन्जीनीयरका काम दिन्छन् डाक्टरमा यहाँ
दिन्छन् डाक्टरका काम धामी झाँक्रीहरू कहाँ
निको हुन्नन् कडा रोग हुन्नन् सफल योजना
कलाकारहरू रुन्छन् नपाई छर्न भावना

६

जनता भासिए गैह्रा भासमा अन्धकारका
सन्तापका मुजा पर्छन् मुखमा अभिशापका
सुल्टन्छ कसरी हाम्रो राजनीति परिस्थिति
दिगो पार्न यहाँ खोज्छन् हठवादी यथास्थिति

७

गनिएँ अपराधीमा भेट्दा गान्धीहरू सित
दिदैनन् अहिले भेट्न मेरा मित्रहरू सित
जहाँ जोडेर, फोडेर जाँचिन्न गहिरो कुरो
त्यहाँ फोरिन्छ सोझाको थुनेर मुख पुर्पुरो

८

वाफिएको छ गुम्सेर कोलाहल र खलबल
गोही आँसु चुहाएर विषालु पार्दछन् जल
भुसुना रक्तका धारा चुस्छन् थाह नपाउँदै
पार्छन् बाघ जुंघा ठाडा हाड मासु चपाउँदै

९

भुक्छन् कुकुर, डुक्रिन्छन् मन्त साढे जुरो झिकी
घुम्छन् बैठक कोठामा नेता श्यालीहरू पिटी
सुँसुम्याएर ब्वासाले हात हाल्छन् पछिल्तिर
दृष्टि गाडी न्याल चाटी गिद्ध पुग्छन् सिनातिर

१०

श्याल हाँस्छन् पुरा पाए घुर्दछन् सिंहका दल
हान्छन् चड्कन चर्कोका फैलेका मेघका दल
उठाउँ कसरी धर्तो कला, कौशलका बल
हराए गुप्त कोठामा पुरिन्नन् भेद – खाडल

११

नाच्तछन् नग्न सन्ताका आडमा भाट गाँइने
प्रशंसा गर्दछन् झूट्टा यथास्थिति रुचाउने
बोलवाला छ सर्वत्र ठेकेदार समाजको
छालामा बाघको ताँई रजाईं झैं छ श्यालको

१२

छर्छन् कुटिल मुस्कान क्रूर दृष्टि बजाईछन्
बोल्छन् जिब्रो चपाएर जुंघा दाह्री मुसार्दछन्
रुढी संस्कारका दाह्रा धस्छन् ल्याएर काँधमा
लुच्छन् कपालमा काला चिर्थोर्छन् सब अंगमा

१३

घुर्छन् संघारमा आई घोर्मुखा बाघले सरी
बोल्दछन् फोहरी बोली फोरी रावणले सरी
रातका कल्पना गर्छन् निशाचरहरू सधैं
बर्षाका भलमा पर्छन् धमिला भुमरी सधैं

१४

बिराला गर्दछन् ङ्यारं ङुरं मूसो चपाउँदा
कुर्लन्छन् भ्यागुता फुल्छन् बर्साका भल पाउँदा
अर्ध पागल झैं घुम्छन् अर्ध सिल्ली यता उति
सुतेर खान पल्केका गर्दैनन् काम, उन्नति

१५

फणा गोमनका जस्ता भाट हात उठाउँछन्
अनुदानहरू पाए जुका झैं जुर्मुराउँछन्
दगुर्छन् भक्कुका राँगा मोटा अर्ना समानका
लाज छाडा, लुठा, वेश्या गला दाब्छन् तमामका

१६

चहार्छन् चाकरी गर्न स्वार्थी छिचिमिरा सरी
कुरा नकचरा गर्छन् छुरा क्षेपकका धसी
मेघ झैं धुम्मिएको छ कालो सामन्त सम्स्कृति
विपरीत बगेको छ वीरको सभ्य पद्धति

१७

वीरका भावना हैनन् मारकाट मचाउँने
धर्म हो कर्म सत्काई अव्यवस्था उडाउँने
आज साम्राज्यका पाठा मन्त्रीन्छन् जुन मन्त्रणा
तिनै प्रकारका दिन्छन् निमुखालाई यन्त्रणा

१८

अवस्था उहिले भन्दा धसियो अहिले अरू
सकिए धनका खानी, वनका विरुवा वरू
बिकास, कल, कारखाना कुराका भरमा रहे
खोजी सौगात, कोसेली हसुर्ने मुखिया बढे

१६

दुष्टका नलिदा पक्ष सुनिन्छन् दीन, निर्धनी
पुगे पावर उम्किन्छन् बलात्कारीहरू पनि
उड्छन् प्रशासकहरू महिला स्वर्णमा झुली
टालिन्छन् न्यायका आँखा स्वार्थका, लोभमा भुली

२०

देवालय बने वेश्यालय, देव विहीनका
पुस्तकालय बन्दै छन् मदिरालय तुल्यका
तपस्या साधना गर्ने थलामा बिष उम्रिए
कुठारा घातले चिल्ला लहरा, बिरुवा मरे

२१

गोरू झैं जोतिएका छन् अश्रु झारी चराचर
चुस्तछन् हर्षका धारा रमाएर निशाचर
भोका मानव सन्तान रुन्छन् छामेर पेटमा
कालले हात हाले झैं दुखेको छ कपालमा

२२

म बसूँ कहिलेसम्म कोठामा मौन पूर्वक
माछालाई निमोठ्दैछन् माझीका दल उद्धत
खोज्दैछन् भावना देव अब बाहिर निस्किन
पाउँदैनन् सधैं हाँसी दैत्य दानव जिस्किन

२३

मलाई काखमा लिन्छिन् त्रिपुरासुर मर्दिनी
हिमाली वन पाखामा जन्म लिन्छिन् कपर्दिनी
सत्बलाई रहेका छन् भावना लिन जीवन
खरानी पार्न सक्तैन् हनुमान्लाई रावण

२४

भइनन् थुनिदा सीता हरिणीसरि काँतर
सुसाई सर्प सक्तैनन् चुस्न सम्पूर्ण सागर
मान्छेका मनमा आगो जस्तै हुन्छ मनोबल
गोहीले आक्न सक्तैनन् वडवानलको बल

२५

बाल्दछन् मनका आगो वीर देखाउँदै बल
हुन्छ सागरकै भित्र ननिभ्ने वडवानल
विसिदा बीचमा बाटो यौटा गोमन पोसियो
बगाई विषको धारा मुटुको हुलिया लियो

२६

हुन्छिन् प्रकट बेलामा भावना दैत्य नाशिनी
सहयोग उनी खोज्छिन् कालरात्रि बिनाशिनी
दिनु पर्दछ सम्पूर्ण सहयोग स्वयम् डटी
कोलाहल हराउन्नन् डराएर स्वयम् हटी

२७

डराए रोप्तछन् धार कीटाणु परमाणुका
अरिङ्गालसरी डस्छन् बिषालु हतियारका
बम सम्झेर संसार "त्राहि त्राहि" अघोर छ
उठेको नर संहारी कोलाहल कठोर छ

२८

काप्तेछिन् थर्थरी धर्ती भुँईचालो गए सरी
उठेको छ कडा राँको ज्वालामुखी फुटेसरी
मुक्तिका मार्गमा काँढा राखिए पनि रातमा
हिड्दछन् आँटिला मान्छे बत्ती बालेर फाँटमा

२९

भावना ज्योति बालेर बने मोती समुज्ज्वल
आफ्नै सत्कर्मले भानु भए उज्ज्वल उज्ज्वल
वेदका शब्द बिर्सन्न — नजाऊ अन्धकारमा
लिएमा मनमा चिन्ता निन्द्रा पर्दैन रातमा

३०

✦रत्न - माधवको रत्न चिनिने छु कुनै दिन
साहित्य दीप सल्काई गरी उद्योग फैलिन
सह-अस्तित्व विसिन्न बिश्व बन्धुत्व भावना
आफै शुक्र उदाएर बस्छन् आफ्नै प्रकाशमा

३१

अब बाहिर निस्केर उभाल्छु जन - जागृति
फुकाई वेदका ठली पार्छु उन्नत संस्कृति
गीताका कविता पढ्छु लय हालेर कृष्णका
खोस्रा बोस्रा सबै फाल्छु जरा जीर्ण अभावका

३२

पत्र पल्टाउँदै पढ्छु, घुम्छु मानव - बादका
सातो लिन्छु खुलाएर नव दानव - बादका
डराई गुप्त कोठामा बस्ता हुन्छ अधोगति
मान्दा शकुनिको राय भयो कौरवको क्षति

३३

मछन् शकुनि जस्ताका रायमा जुन चल्दछन्
लाग्ने असल बाटामा प्रभातसरी खुल्दछन्
मुक्ति पाण्डवले पाए सत्यका पक्षमा अडी
गाडे गौरवका खम्बा कर्तव्य पथमा डटी

✦ माता रत्नकुमारी देवी, पिता माधवराज जोशी

३४

ज्वाला बाहिर निस्कन्छन् फारी बादल झलमल
सुक्छन अन्ययका मूल लुक्छन् सम्पूर्ण खलबल
खादैनन् हार मर्मज्ञ राख्तछन् ठाउँमा मति
आफ्नैं प्रयासले गर्छन् कर्मयोगी समुन्नति

३५

लिदैंनन् त्रास, आलस्य मुटुमा बीर सन्तति
गर्छन् पलाउँदै छाडा, नाला, नहर उन्नति
लङ्काबाट डराएर भागे जस्तै विभीषण
त्यस्तो भूल डराएर गर्ने छैन म भीषण

३६

अन्याय- सिन्धुमा डुब्छन् हुने थर्थर कातर
माझीका निम्तिमा सानो खोला झैं हुन्छ सागर
भड्गालो कि म तर्ने छु कि मर्ने छु परार्थमा
कछुवासरि तर्सेर के बसूँ गुप्त वासमा

३७

डर देखाउँछन् आई मलाई वंश-घातकी
कहाँ गर्छु र सम्झौता रिसाउन् पञ्चपातकी
खलाती सरिका सास फुक्तैंमा हुन्न मानिस
राखेर शून्य कोठामा फेर्न खोज्छन् खुनी रिस

३८

पशुका लाश झैं पल्टी निदाएर बसूं कति ?
बाटो बिकट सम्झेर बसेमा हुन्न उन्नति
खोक्रा भाषण छाँटेर जनता ठग्दछन् ठग
छैन उद्योग धन्दाको बसेको देशमा जग

३९

फाल्दछन् तास, पाशामा धनी, जीवन सम्पति
दूनो सोझ्याउँने छिन्छन् शकुनि-सरि सम्मति
लाखौं विदेशमा पिल्सी कुल्लीका काम गर्दछन्
कति काम नपाएका बाटामा अलपत्र छन्

४०

फर्कने आशमा बस्छन् जहान घरका रूँदै
चिठ्ठि पाए खुशी मान्छन् वेदना पत्रले धुँदै
विना गाँस, विना बास नपरोस् जान वाहिर
मागेर नपरोस् खान कहीं जीवन खातिर

४१

काम फेला परे कोही जाँदैनन् परदेशमा
जग उद्योग धन्दाको हाल्नु पर्छ स्वदेशमा
नबगुन् सोप नेपाली हिमाली जल झैं तल
भागुन सम्मुखका हाम्रा कोलाहल र खलबल

४२

शान्तिका लागि चाहिन्छन् लता मेल-मिलापका
पखाल्नु पर्छ सम्पूर्ण कलेटी अमिलापका
बिर्सिन्नन् वीर कर्तव्य कस्तै आपतमा पनि
नराम्रा धारणा धीर लिदैनन् दुखमा पनि

४३

आपस्तमा भए द्रोह पराई हात ठोक्दछन्
अभाव हात फैलाई घरमा नाच्न थाल्दछन्
सम्झी गाँठी कुरोलाई बेलामा खोल्नु पर्दछ
लिए आलस्यको हाई बल-साहस मर्दछ

अमरशुक्र/४६

४४

सुमार्गी पाईला मेट्छन् खोस्रेर व्यभिचारका
शुक्र तारा उदाएर छिरोल्छन् बक्ष रातका
जिमीमा पाइला राखी फैलन्छन् वर पीपल
लिन्छु–प्रकृतिद्वारा म सर्बदा धैर्य सम्बल

४५

कसैको नपरोस् राख्न स्वार्थमा मुटु बन्धकी
आफैं आफ छचल्किन्छन् राष्ट्र निर्माण ढुकढुकी
नेपाली बीरको नाऊँ गाउन् मानव बिश्वका–
स्वादिला जलका मूल चाख्न पाउन् हिमालका

४६

प्राणहीन सबै छैनन् जीवन्त पनि छन् यहीं
कुनै मुर्दासरी बाँच्ने मान्छे हुन्छन् जहाँ कहीं
सत्य प्रकाशका रेखा बिस्तारैसित खुल्दछन्
सुस्तरी मह भौरीले फूलबाट बटुल्दछन्

४७

दिब्य संदेश बोकेर दिब्य संदेशको हुरी
नरभक्षीहरूलाई त्यही हुन्छ कडा छुरी
रास्रा हृदयमा पर्छन् मोहिनी कर्म–योगका
कुडिन्छन् हँसिया खुर्पा अधर्म अपराधका

४८

नाचछन् सत्कर्मका छाँयाँ सुनौला सपनासरी
हुन्छन् साकार सपना स्मृतिका बिपनासरी
सभा समिति खोलेर मार्ग पारे फराकिलो
भावी सन्ततिका लागि छाँयाँ हुन्छ रमाइलो

# ६

१

मुहान जलका राम्रा सुनौला हिम–शृङ्खला
जल जीवनका लागि अर्पिन्छन् स्वादिला कला
उज्याला जलका धारा हुन्छन् दूध समानका
जलका मुटुमा खेल्छन् शशिका सूर्यका प्रभा

२

छहरा लहरा जस्ता भर्दछन् महिमा भला
भरिदा मनमा राग कोईली खोल्दछन् गला
पुष्प–प्रकृति निस्वार्थ छर्छन् सौरभ कोमल
पलाई फैलिनेलाई आवन सक्तैन ओझल

३

घाममा पीठ फर्काए छायाँ पर्छ अघिल्तिर
घाममा मुख फर्काए छायाँ पर्छ पछिल्तिर
नपाई आड झाङ्गिन्नन् जुहीका लहरा पनि
संघ-संस्था विना हुन्छन् प्रतिभा–बल निर्धनी

४

लम्कन्छन् छहरा, छाड्‌दा निकाली कल्कल ध्वनि
भावनाहरू बाँधिन्नन् बाँध्न खोजेर टन्टनी
जुनकीरी उड्दछन् आफैं बत्ति बालेर रातमा
झुल्दछन् पोटिला बाला सल्बलाएर फाँटमा

५

धर्सा बादलका नाघ्छन् ताराका रातमा बली
ज्योतिका लहरा खुल्दा लुक्छन् क्रूर महाछली
सपूतहरू माताका पीर–ताप पखाल्दछन्
वेदना, वहका पोका मर्म वेत्ता खसाल्दछन्

६

रसायनसरी मान्छन् योगी बचन कृष्णका
गीता फुकाउँछिन् तन्तु सारा सृजन–शक्तिका
पछारिन्नन् कुनै मान्छे आँखा हेरेर लम्किने
विल्ला पात सुना हुन्छन् हलहली रूख फक्रिने

७

फलन्छन् जल झैं प्राणी संघका आड पाउने
लहरा पनि लत्रिन्छन् राम्रो आड नपाउने
झमेला सहने मान्छे हुन्नन् विफल कर्ममा
साहसी पाइला चाली उक्लिन्छन् कर्म-क्षेत्रमा

८

आफ्ना पौरखमा माया गर्ने हुन्छन् सुरक्षित
पौरखी गर्दछन् काम आजीवन खुशीसित
विघ्न–बाधाहरू हुन्छन् धेरै असल काममा
हुँदैन निहुरी बस्न हात राखेर माथमा

९

साहसी धैर्यका डोरी समाई दुःख खप्तछन्
सिन्धुमा हेलिने मान्छे हेलै सागर तर्दछन्
राम्रा मानव कर्तव्य बिर्सन्नन् सपनासरी
झाडिन्छन् कर्म गर्नेका वरझैं कीर्ति बल्लरी

१०

विकास कहिल्यै हुन्न तोपका आडमा बसी
साम्राज्य वादका दास हुँदा राणा भए खसी
लम्किन्नन् तोपका आयु भरुन् बारूदले जति
बोकेर गङ्टा गर्भ गर्दछन् आयु कै क्षति

११

जस्तो आफु छ त्यस्तै नै इच्छा राख्छन् बनाउँने
वेश्याका कामना हुन्छन् सबैलाई सडाउँने
चुडिन्छन् दुष्टका जाल जति चाल चले पनि
रूचाउन्नन् कुनै बस्न विषका विरूवा मनि

१२

उच्च मानव आत्माका खोज्छन् कान्ति फिराउँन
पर्दैन अरू आएर घामलाई चिनाउँन
छरिउन् मार्गमा काँढा तेर्सिउन् जति पत्थर
प्रवाह जलमा हुन्छ स्वाभाविक निरन्तर

१३

आमाका काखमा बस्छन् हर्ष पूर्वक बालक
हुन्छन् सन्तानका आमा सर्वदा प्रतिपालक
दिन्छन् जीवन पर्यन्त आमाका निम्ति सन्तति
हुन्छन् वीरहरू हाँसी राष्ट्रका लागि आहुति

१४

कार्लमार्क्स धरालाई उचाल्ने कार्यमा डुले
केलाई मुक्तिका मन्त्र सबका कानमा फुके
गान्धी, सुभास हावा झैं सुगन्ध लिई लम्किए
कर्मका नभमा लाखौं नर–नक्षत्र चम्किए

१५

मन–मन्दिरमा नाच्छन् बुद्धका मन्त्र पावनी
बन्छन् सत्कर्मले मान्छे उदाहरणका धनी
नब प्रभात बोकेर आउँछन् ज्योतिका हुरी
घामको पाइलो पर्दा रात गर्दछ थर्थरी

१६

निर्दयी हातले चाट्छन् नवनीत, सुधा, तर
नर–मार्ने, हपार्नेको हुन्छ आदत दुच्छर
मनका वनका योगी दावनल निभाउँछन्
निर्भीकहरू लम्केर फलाम निहुराउँछन्

१७

हुन्छ दुर्गन्ध पन्छाए सुगन्धमय जीवन
गर्दछन् काम–पाएमा–अधिकार, अकिञ्चन
लहरा जल, हावाले, घामले लहराउँछन्
संघका घाम छाँयाँमा मनुष्य सल्बलाउँछन्

१८

गर्दथे बुद्ध बोले झैं पूर्ण निर्वाह कर्मको
हिंसालाई घृणा गर्दै धुन्थे पात्र अधर्मको
"अहिंसा परमो धर्म" बुद्धको मूल मन्त्र हो
'दया दृष्टि सबै माथि राख्नु मानव धर्म हो'

१९

× बाटो 'प्रचण्ड गोर्खा'को नपरोस् मनमा लिन
परेना प्रतिरक्षामा लिउँला म कुनै दिन
सिंहले दाँत देखाए लिन बन्दूक पर्दछ
मिर्गमा हात हल्लाए पनि थर्थर गर्दछ

२०

उज्यालो ज्ञानको बाटो अगाँल्छु पहिले सरी
"सँगै खाउँ सगै जाउँ" गाउँछु - वेदले सरी
उज्यालामा सबै जाउँ नजाउँ अन्धकारमा
उज्याला जल देखिन्छन् रत्न जस्ता प्रभातमा

२१

ममा दया नगर्नेले गर्दैनन् अरुमा पनि
सहेर म बसें धेरै बिना दोष थुने पनि
अब बाहिर निस्कन्छु गतिशील छ जीवन
गुफामा सिंह बस्तैनन् पारेर अमिलो मन

२२

सजिलो छैन संसार साह्रै असजिलो पनि
एकै नाश रही गर्छन् ज्ञानी कामहरू गर्मा
वीर सास रहुञ्जेल स्वीकार्दैनन् पराजय
गुप्तवास बिताएर गरे पाण्डवले जय

२३

बिरूवा, लहरा हुन्छन् हरिया जल पाउँदा
गीताका ज्ञानले हुन्छन् जनता भर्भराउँदा
चिन्ता लिन्न कुनै बेला खाली जीवन खातिर
निस्कन्छन् सिंह गर्जेर कन्दराबाट बाहिर

---

× वि. सं. १९८८ मा खडा भएको गुप्त संगठन

२४

वंमनस्य बढाएर राज पाठ चलाउँने
संघ - संस्था रूचाउछन् वनतन्त्र रूचाउँने
छाती पत्थरका पारी सोझालाई दवाउँछन्
बलिया जङ्गली बाघ मिर्गलाई ढलाउँछन्

२५

चुलाहा थर्थरी काँपी शान्ति शान्ति फलाक्दछन्
शान्तिका नाउँमा टाठा सन्तलाई पछार्दछन्
कसरी शान्ति फैलक सम्झिउँ म धराभरि
घुम्छन् शासक मस्तीमा छर्रा बारुदका छरी

२६

धर्तका भरमा लुच्चा राजपाठ चलाउँछन्
पुराखाने - उचालेर केशमा सुम्सुम्याउँ छन्
खूनीको नून खाएर बखान जुन गर्दछ
उच्च सम्मान मर्यादा त्यसकै भाग पर्दछ

२७

चुल्याहा पाउँछन् तक्मा चोखा खारिज पर्दछन
छुल्याहा पोल खोलेर गहिरा नेत्र तर्दछन्
बन्धुका रक्तका धारा निचोरेर चुसाउँने
छाम्दछन् मुटुमा मेरा सर्प जस्ता सुसाउँने

२८

स्रष्टाका स्वच्छसाहित्य धौ धौ पर्छ छपाउँन
झूठा गुण बखानेर पर्छ भक्ति चढाउँन
कस्ता दमनका चक्र उपल्ला तहमा पुगे
राष्ट्र सेवक जीवन्त दुखका दहमा डुबे

२९

कुनै छन् जन्मना साथै दर्जा 'जर्साप' पाउँने
कुनै छन् हाड घोटेर एक मानो नपाउँने
कोठामा थुनिदा मेरा भावना, काम गुम्सिए
राखेर सहने बानी आँखाका नानि निख्रिए

३०

स्वार्थान्धहरू कुलिन्छन् तालीका तालमा डुली
सर्प गोहीहरू डुल्छन् हाड - छाला नशा लुछी
उनाऊ भोग्दछन् भोगी मनोरञ्जन साधन
लिदा उद्योगको चासो चिस्लन्छन् मूर्ख लोचन

३१

छैन उद्योग धन्दाको दृष्टि शासकमा कुनै
नराखी ख्याल जिम्माको सम्पत्ति मास्तछन् उनै
बोलाउने जमर्कोमा लाग्छन् पत्थरकै युग
नभै व्यापारमा बृद्धि बस्तैन राष्ट्रको जग

३२

लिन्नन् निर्यातका दृष्टि राख्छन् आयतका निकै
जेलिदा जेलिदै बाटा हाम्रा सागुरिए निकै
रोकिए राष्ट्रकाखानो नानार्थार भएपनि
गरीबहरूमा राम्रो दाँजियो देश यो धनी

३३

लक्ष्मी हुन् घरका नारी संगिनी सह चारिणी
गृहिणी, बहिनी शोभा शालिनी जननी पनि
अशिक्षाका रहुन्जेल नारी पर्खालका मनि
सभ्य सम्सकारले हीन हुन्छ संसार निर्धनी

३४

नारीहुन् घरका देवी आधा अङ्ग समाजका
सृष्टिका स्रोत हुन् नारी अलङ्कार तमामका
पाका विचारका हुन्छन् अबला बलशालनी
सहयोग मिले हुन्छन् भवानी दैत्य घातिनी

३५

रहुन्जेल कुसंस्कार कुरीति हानि कारका
दिदैनन् नव सामन्त जनताहरूका हक
विदेशी मूलका हूल बेपारी देशमापसे
उनकै हातमा हाम्रा अर्थतन्त्रहरू फसे

३६

उत्थानतिरको चासो राख्नेलाई लखेट्तछन्
फूकी कलहको राँको कुकर्मी शूल रोप्तछन्
आत्माका ध्वनि सुन्दैनन् छाला लुछ्ने गरीबका
टालिन्छन् मनका आँखा चुनाहाका अमीरका

३७

गाँस बास नपाएका रून्छन् मानवका दल
झूठा विकासका खोक्रा ठोक्छन् शासक मादल
बसेर बन्द कोठामा पुगिदैन प्रकाशमा
खोजेर लाख पाइन्न मुक्तिको मार्ग रातमा

३८

राजनीति सफा गर्ने हराएसरि देखिए
विश्व-बन्धुत्व सद्भाव वर्णमा मात्र थन्किए
फलाक्छन् रसिला शब्द "पण्डिता समदर्शिन"
सकेको छैन धर्तीमा कार्यान्वयन-चम्किन

३९

नाला, नहर खोलिन्न् लगाए धन स्वार्थमा
बाजको मन जादैंन स्वार्थ भिन्न परार्थमा
पिराहा शत्रुको छाया डुलेको छ धराभरि
ज्ञान - विज्ञानको धारा रोकिदो छ सुकेसरी

४०

डुबे झैं लाग्छ पृथिवी क्रोधका अन्धकारमा
ईर्ष्या - कलहका छाया घुमेका छन् हिमालमा
सखाप झैं भएका छन् बीऊ बुद्धि विवेकका
बचाउँ कसरी गाथा महिमामय देशका

४१

उड्छन् बारूदका छर्रा अरिङाल समानका
चुस्तछन् रक्तका धारा कीटाणु परमाणुका
चोखिने कसरी धर्ती धोई रगतका छिटा
भाचनु पर्दछ दोब्रयाई पाखण्डवादका सिटा

४२

बिषालु बमका भट्टी खोलिए लाख लाखन
टालिए वेदका पाना रामा मानव लोचन
नबनून् अणुका गोला विश्व - संहार कारक
नउडून् नभमा यान सृष्टि- सौन्दर्य नाशक

४३

हुन पाउन् धरा राम्री सुन्दरी झैं मनोहर
रसाउँन् जलका धारा सरिका भाव सुन्दर
भाँचियून् बलिया हात बलिया व्यभिचारका
नबसियून् धरामाथि बसिला हतियारका

४४

नलुछन् केशमा आई काल-दानव छिन्छिन्
नबिताउन् कुनै रोई कोठामा दुखका दिन
असमर्थ भएँ आफ्नो मुख छोपेर बस्न म
कर्मयोगीहरू गर्छन् सर्वदा आत्म – दर्शन

४५

मुज्याई फरिया कालो काल फाल्दैन मानव
झुठा मोह र मायामा फस्छन् केवल दानव
राष्ट्र निर्माणका लागि निःस्वार्थीहरू मर्दछन्
डुङ्गा चलाउने माझी महासागर तर्दछन्

४६

अहिंसा भाव फैलाई ज्ञान - दीप जलाउँछु
अन्याय र अनाचार धराबाट भगाउँछु
निस्वार्थीहरू डुब्दैनन् गहिरा स्वार्थ सिन्धुमा
कुनै प्रभाव पर्दैन राहुको पूर्ण इन्दुमा

४७

खोज्दछन् आमको न्यान्यो सबै संसार मायमा
धाउँछन् सब खोलामा हुँदा हर्हर आँतमा
खोली गाँठी कुरालाई आमा ! बाहिर जान्छु म
कसिङ्गर नफाल्नेले फाल्दैनन् मनका तम

४८

संसार धमिलो लाग्छ नखुले दिव्य लोचन
कर्मवीरहरू गर्छन् गीताको अनुमोदन
उर्लियून् खहरे खोला असिना बसियून् जति
मुछिदैन धुलो जस्तो हिलामा धीरको मति

❀ ❀ ❀

## ७

१

सुषुप्त मनका मेरा झरिला भावना फुरे
पत्नीका रसिला माया, माताका ममता जुरे
आशीर्वाद पिताबाट पाई बाहिर निस्कएँ
दिएको कोट ꙮपत्नीले लगाई भित्र साम्एँ

२

पुराण - शास्त्रका मैले गरें खण्डन मण्डन
छन् क्षेपक निकै बाँकी व्यवधान र बन्धन
बिस्तारैसित सम्पूर्ण हुन्छन् प्रकट बाहिर
राख्छन् मानव मर्यादा उच्च जीवन खातिर

३

रोकिनन् पत्नीले पाऊ पारी सजल लोचन
धुन मोह गरें यत्न गीताको अनुमोदन
नाना प्रकारका हुन्छन् कान्तिका तरिका पनि
अनेकौं रङ्ग देखिन्छन् शशिका रश्मिमा पनि

---

ꙮ दोस्रो पत्नी मेनका देवी

४

सुनाएका थिए गीता कृष्णले युद्ध कालमा
गरें प्रयोग गीताकै मुक्तिका कर्म क्षेत्रमा
असमर्थ थिएँ बस्न वृद्ध झैं नेत्र चिम्लिई
नर जीवन फाल्दैनन् चिन्ताका मदिरा पिई

५

ममा व्यथित गंगाको थियो आधार सुदृढ
थिएं सिद्धतमा आफ्नो कर्तव्य निष्ठ झैं दृढ
निशाका रङ्ग शालाको कालो पर्दा हटाउँन
शुक्र झैं पर्छ आफै नै यामिनीमा उदाउँन

६

माताको ममता पाए मित्रको प्रेम सुन्दर
रजनी कर्मयोगीका निम्तिमा हुन्न दुस्तर
मनका मरु भूमा म गीता जल चुहाउँछु
चुहाई पसिना माता- मातृभूमि रसाउँछु

७

मर्यादा - तट नाघ्दैनन् जन - मानस सागर
गीताका जलले पूर्ण हुन्छन् मन - सरोवर
मेनकाको थियो माया माताको ममता ममा
आशीर्वाद सवैबाट "हाँसोस् हृदय - चन्द्रमा"

८

मित्री भावहरू आए- "वसुधैव कुटुम्बकम्"
जन- सागर देखर कृतार्थ म भएँ स्वयम्
मुरारी - गुरुको बोली पिई दिव्य सुधासरी
मनस्थिति बनाएको थिएँ अर्जुनकै सरी

**केदारमान व्यथित & गंगालाल श्रेष्ठ**

९

अवस्था देशको सोची देशकल्याणमा जमी
गरें प्रारम्भ गीताको सार, संक्षेपमा गमी-
मरे अमर बन्नेछौ जितेमा पाउछौ हक
धनु, वाँण समातेर संघर्ष- स्थलमा डट

१०

रही परिधिमा बोलें- अर्थ स्पष्ट गराउँन
पर्छ- संघर्षका वेला हतियार समाउँन
शत्रुका सामुमा झुक्त हुँदैन रून अर्जुन ?
पर्छ अज्ञानका टाटा ज्ञानद्वारा सबै धुन

११

मरिने डरले भागे भाग्छन् साहसका कला
हरवा भोगन पाउन्नन् सुख – सन्तोषका पला
उज्याला मार्गमा लाग्दा सक्तैनन् शत्रुले छुन
लिएर मनमा शङ्का काम बन्दैन अर्जुन !

१२

साहसी विषका बोट उखेली फाल्दछन् पर
झुल्कन्छन् हातमा आफ्नै फलरूप दिवाकर
व्यक्तिमा हुन्न क्यै शक्ति, शक्ति हुन्छ समष्टिमा
गोता लगाउँने मान्छे पाउँछन् रत्न सिन्धुमा

१३

वैरभाव हुँदा खेरी अन्धाकार प्रकाशको
जय प्रकाशको हुन्छ हुन्तेरी अन्धकारको
वैरभाव हुँदा खेरी सत्यको र असत्यको
हुँदैन सत्यको हार, हार हुन्छ असत्यको

१४

हार थाप हुँदा खेरी अधर्म र स्वधर्मको
हुँदैन धर्मको हार हार हुन्छ अधर्मको
हार थार हुँदा खेरी कुकर्म र सुकर्मको
हुँदैन कर्मको हार, हार हुन्छ कुकर्मको

१५

गमेर कृष्णका वाणी उठे हाँसेर अर्जुन
पिए उत्साहको पानी पर्दैन कहिल्यै रुन
अन्याय सहँदा खेरी पर्नु पर्दछ जङ्गल
भन्दछन् शत्रुले हाँसी– 'नपुंशक र निर्बल'

१६

सहेर सर्वदा बस्ने हुन्छ दोषी बराबर
सदैव सहने बानी नराम्रो हो सरासर
हाम्रो अर्जुनकै जस्तो भर पौरखको गरौं
सामन्तवादका दाह्रा उखेल्ने काममा सरौं

१७

मण्डिरछन् सबले सोचे– दुर्योधन समानका
मण्डिरछन् सबले सोचे– दुःशासन समानका
साम्राज्य वादको खम्बा पल्टियो जार-शासन
चलाए पाइला राम्रा पल्टा खान्छन् कुशासन

१८

बोलें ❀ असनमा मैले गीताका गहिरा कुरा
नव सामन्तमा चर्का घुसे छन् मुटुमा छुरा
थुनिएँ भोलि पल्ट म कुहें छु जेलको थलो
दुष्ट शासक गर्दैनन् सोचेर अरुको भलो

---

❀ वि. सं. १९९४ मा नागरिक अधिकार उपभोग समिति खोलेका थिए उसैका आयोजनामा प्रवचन गरेका।

१९

थुनियो सभ्यता – शील मर्यादा – तट भत्कियो
उज्याला कर्मयोगीको मेघले हुलिया लियो
युवा युवति रोएर खप्तछन् चोट अङ्गका
बाटामा राखिएका छन् विष – वृक्ष अजङ्गका

२०

फूलो भएछु आँखाको गर्दा भाषण □जुद्धको
मति ठेगानमा हुन्न कपटी, क्रूर, दुष्टको
भएँ प्रकाश छर्दा म जुद्धको कोप भाजन
फलाक्छ फोहरी बोलि फोरी लाउन लाखन

२१

गनिएँ 'सब कै नेता' गर्ने 'भाषण मन्परी'
छरी कुटिल मुस्कान हेर्छन् आँखा छली तरी
फर्किएको थिएँ भेटी गान्धी बोसहरू सित
थियो हृदयमा इच्छा गर्ने सकलकै हित

२२

बनाए क्रूरले बागी सडाए जाल – झेलमा
भावना जल – पर्दैनन् म परे पनि नेलमा
फैलन्छन् भावना राम्रा मुटुभित्र समस्तका
हतियारहरू भन्दा भाव हुन्छन् कठोरका

२३

मेनकाको थियो इच्छा भेट्ने अन्तिम कालमा
पुग्न पाइन, पापीले दिएनन् जान घाटमा
लगाई मेनका खुड्का बिलाइन् पद्मिनीसरी
नवजात बितिन् छोरी बनेर हुरीकी चरी

---

□ जुद्धशमशेर

२४

रोगाएको छु आफैं म दिदैंनन् गर्न औखती
चोखो पानी नपाएर हुँदै मेरो छ दुर्गति
मन सङ्केत गर्दै छ मेरो प्राण लिने भए
बग्ने भाव खुलाएर मेरा बेलाहरू गए

२५

मलाई जेलमा राखी सुकाए सुकुटी सरी
मार्ने इच्छा भए मारुन मुट्टु च्यातेर चर्चरी
बादी बन्छन् यहाँ आफैं आफैं निर्णय गर्दछन्
सिंहदर्बारमा बस्ने सिंहका मात गर्दछन्

२६

सुनाए फैसला हाँसी हाँसी फासीदिने भनी
लतारे केशमा तानी मलाई पशुमा गनी
सकेको काम देखाएँ फुकाई कर्मका बिटा
गरून् बीराङ्गना हाँसी रमाई पुत्रका बिदा

२७

काम केही गरें मैले बाचुन्जेल मनोहर
अरुणोदयको लाली हुन्छ प्रकट बाहिर
फैलन्छन् भावना राम्रा जन–मानस–लोकमा
कसैका नझरून् आँसु मेरा खातिर शोकमा

२८

झरे अश्रु झरून् मेरै जस्ता राष्ट्र निमित्तमा
नबिताउन् कुनै काल रोएर बिनसित्तिमा
नपरोस् मनमा चीसो चीसा कोही नहुन् जन
राख्तछन् चन्द्रमा, सूर्य भावनाहरू कञ्चन

२९

कुम्भकर्ण नहुन् कोही – निद्राका बसमा परी
नपरुन् जालमा कोही माछा झैं लोभमा परी
सम्झना लोकमा आओस् सर्बदा स्वच्छ कर्मको
माग्दैनन् डरले भिक्षा परार्थी तुच्छ चर्मको

३०

दधीचीले दिंदा हाड भयो अमरको जय
शुद्धात्मा विश्वका लागि सुम्पन्छन् प्राण निर्भय
रूँदैनन् मेघले ढाक्ता हाँस्छन् सूर्य र चन्द्रमा
खस्तैनन् तल निस्वार्थ हुने अटल मार्गमा

३१

आजका रङ्ग-शालामा मारें बाजी मजासित
तुही गर्दिन सम्झौता अपराधी खुनीसित
झर्छन् स्वाँठहरू जीर्ण नव स्वाँख पलाउँछन्
वसन्त वनमा चिल्ला चिल्ला पात पलाउँछन्

३२

पाएँ फराकिला बाटा मेरा शास्वत लोकका
मलाई सार्न सक्तैन झपेटा जुद्ध झोकका
पुगी बादलको पारी उदाउँछु म झल्मल
दिंदा परार्थमा प्राण लाग्दैन मनमा डर

३३

लछारी नव सामन्त लिन्छन् खोसेर जीवन
नराम्रो कामको पर्छ अवश्य पछुतो लिन
छरून् मितहरू मेरा प्रकृति – सरि भावना
प्रकृति – सर्वदा राख्छिन् सबैमा शुभ–कामना

३४

सुकरातसरी धर्ती – माता ! होम्दछु जीवन
आशङ्का नरहोस् केही डरायो कि कुनै दिन
लिदैनन् मनमा त्राश सेवा - व्रत – परायण
धर्ती यै रापिलो हुन्छ आउँदा उत्तरायण

३५

खुल्छन् कमल झैं आँखा मिल्छन् सन्तोषका दिन
राष्ट्र निर्माणमा प्राणी लाग्छन् सकल होमिन
टालिन्नन् टाल्न खोजेर सबका सत्यका गला
पर्दैनन् डरले रोई महायात्रीहरू थला

३६

रहँदा जेलमा मित्र मौन नेत्र मिलाउँथे
पढ्दथें वेदका मन्त्र मन मुग्ध बनाउँथे
सम्झन्छु मित्रका श्रद्धा देशको भक्ति भावना
प्रयत्न खेर जाँदैनन् मित्रका शुभ-कामना

३७

आवाहन गरेको छु प्रजातन्त्र छ आउने
दिव्य आकाश खुल्दैछ, छ न्यानो घाम आउने
प्रयत्न नगरून् क्रूर अब माफी मगाउने
बेची मानवतालाई किन प्राण बचाउने

३८

अपराध भए मेरो कुरा माफी दिने किन ?
दोष मेरो भए देखिन् लागून् दण्ड चुनी दिन
कसूर नगरी माफी मागी राख्दिन जीवन
परेको हातमा माता ! त्यागूं अमरता किन!

३९

उनै हुन् सर्वथा दोषी माफी मागुन् उनै खुनी
निस्तेज पार्न चाहन्न माफी मागेर यो जुनी
स्वीकार गर्छु हाँसेर आज निम्ता सजायको
खुनी अधमको जस्तो छैन आत्मा निजोरको

४०

गोली ठोक्ने भए इच्छा ठोकुन् गोली खुशीसित
फलाउने भए इच्छा फलाउँन् दुष्टता सित
छाला लुच्छने भए इच्छा लुछुन् छाला अहर्निशः
पिलाउँने भए इच्छा दिउन् ल्याई खुनी बिष

४१

नमाग्ने म हुँदा माफी चढाए मृत्यु मञ्चमा
लगाउँछु स्वयम् डोरी म मेरा अब कण्ठमा
मागेर प्राणको भिक्षा पर्न छैन रूँदै वश
नमान भाग्न खोजेको भागे पाइन्न है यश

४२

लालशा लालचा छोडी देश निर्माणमा रमें
देश निर्माणकै लागि उत्सर्ग पथमा अडें
आहुति प्राणको दिन्छु भएको छु म हर्षित
हुन्छ निश्चय जाँदा म इतिहास प्रभावित

४३

भावी सन्तानका आँखा खुल्नेछन् म मरे पनि
हुन्छ कौरवको हार अभिमन्यु ढले पनि
उज्यालिंदो छ आकाश धरा देखिन्छ झलमल
नव सामन्त पर्खाल छ हुंदै जीर्ण ढलपल

४४

दीप निभ्दैन सल्कैको रश्मि बढ्दछ झल्मली
बाघका मनमा पर्छ म मरे पछि खल्बली
कीटाणु रोगका हट्छन् सल्किदा दीपमालिका
गर्छिन् दमन पापीका भावनारूप अम्बिका

४५

अँगालो गम्म मारेर मृत्युको गर्छु चुम्बन
रमाई गर्दछन् प्रेमी प्रेमीको केश चुम्बन
जानु पर्दछ देशामा छोडी नश्वर जीवन
थालून् मार्ग सबै हेरी उज्यालो मुक्तिको लिन

४६

जुद्धले सम्झियो होला बनाएँ दृढ शासन
भयो प्रारम्भ अहिले निमोठ्ने क्रूर शासन
मौलाओस् भावना पुष्प लागोस् झल्मल घामको
जीवन्त शुक्रको यात्रा प्रेरणा होस् समस्तको

४७

आँखाको पुतली जस्तो मेरो देश नबिर्सिउँ
सपना झैं हराएर विपनामा यहीं जिउँ
नमस्ते छ सबैलाई सात छोड्दछु अन्तिम
माको मागी कसैलाई जिउने राय दिन्न म

४८

जय नेपाल आमाको जय मानव वर्गको
गंगालाल, दशरथ, धर्म भक्त समस्तको
यदि हुन्छ भने मेरो पुनर्जन्म कुनै दिन
मेरै नेपालमा पाऊँ पुनर्जन्मिन, हुकिन ।

ॐ ऽ ऽ ऽ

# उपसंहार

१

गरी प्रणव उच्चार गयौ छोडेर जीवन
भयौ अमर धर्तीमा भावनामय जीवन
तिम्रा उत्सर्गले हल्ली ढले शास्ता जहानिया
कुहिए अमिला, पीरा टर्रा दमनका क्रिया

२

ढल्दा पर्वत झैं ठाडा कडा दुर्दम शासक
केही हात परे हाम्रा अधिकार तथा हक
तिमीले तर चाहे झैं भएको छैन उन्नति
तिम्रा इच्छा पूरा गर्न काममा राख्दछौं मति

३

खेल्छन् चारतिर आई तिम्रा किरण उज्ज्वल
बलेका दीप निभ्दैनन् भावनाका समुज्ज्वल
बुझेर भावना तिम्रा उत्रिने कार्य क्षेत्रमा
पछाडितिर फर्किन्नन् डराई बीच मार्गमा

४

तिम्रा प्रभावले हाम्रा भावना परिपूर्ण छन्
दरिला भय छोडेर अँध्यारासँग जुद्ध छन्
खसाल्ने काम हो हाम्रो शेष दाहृा अभावको
शक्ति अभावको भन्दा हुन्छ निर्मल भावको

५

बिम्झेका छौं सबै जस्तो भावनाहरूले चुमी
निन्द्राका वश पर्दैनन् राष्ट्रप्रेमीहरू उठी
छोएको भावले तिम्रो हुँदैछ उर्वरा जिमी
बसे झैं लाग्छ आएर हाम्रा हृदयमा तिमी

६

निचोरी फाल्दछौं हामी कडा अज्ञानका पिला
पखाल्छौं भावले धोई अज्ञान-जगका हिला
दायित्व काँधको हाम्रो बिसिर्दैनौं कुनै छिन
दायित्व सम्झिने हुन्छन् योग्य श्रद्धाञ्जली दिन

७

त्रुटीका दाग दल्दैनौं अब शुभ्र निधारमा
उषा आदित्यका ज्योति नाचेका छन् हिमालमा
आफैंनै लाग्दछन् पाखा कुम्भकर्ण र रावण
हुन्छन् कुकर्मले आफै दुष्ट दैत्य निवारण

८

हुन्छ उल्लासले पूर्ण जन-मानस भूमि यो
हामी सब मिली हाम्रो उचाल्छौं मातृ-भूमि यो
दायित्व सम्झिने नेता गर्दैनन् गुप्त बैठक
पृथिवीबाट मेटिन्नन् जीवन्त शुक्रका टक ।



# ऋषिराम न्यौपाने

प्रकाशित कृतिहरु:–

१. बसन्त र विरही (खण्ड काव्य) २०३४

२. प्रियतम " " २०३६

३. सपनाको सुसेली (कविता संग्रह) २०४०

४. अमर भावना (खण्ड काव्य) २०४१

५. परिणाम " " २०४२

६. विजयश्री (शोक काव्य) २०४३

७. आत्मवोध (खण्ड काव्य) २०४४

८. अमर शुक्र (प्रस्तुत)

९. विभिन्न पत्रपत्रिकामा फूटकर कविता प्रकाशन ।

अप्रकाशित कृति:-

१. पञ्चकोण (लघु काव्य संग्रह)

२. कविता (महाकाव्य)

३. पुर्नमिलन (महाकाव्य)